का.जि.प्र.का.द.नं. १००/०५९/६०

❒ वर्ष १९, अंक ३१९
❒ २८ पुस २०७८, बुधबार
❒ 12 January 2022, Wednesday
www.madhyanhadaily.com

पृष्ठ १२ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक

ई–पत्रिका अनलाइन पढ्नका लागि क्युआर कोड स्क्यान गर्नुहोला।

# राष्ट्रपति र पूर्वराजा
# अघिपछि



गणतन्त्र स्थापना भएपछि पहिलोपटक पूर्वराजा ज्ञाने सिंहदरबारको पश्चिम गेट अगाडि अवस्थित पृथ्वीन सालिकमा माल्यार्पण गरे । उनी भन्दा अगाडि राष्ट उक्त सालिकमा माल्यापण गरेकी थिइन् ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २७ पुस ।

पूर्व राजा ज्ञानेन्द्र शाहले समर्थहरु सहित सिंहदरबारको पश्चिम गेट अगाडि रहेको पृथ्वीनारायण शाहको सालिकमा माल्यार्पण गरेका छन् । गणतन्त्र स्थापनापछि पहिलोपटक ज्ञानेन्द्र शाहले उक्त सालिकको माल्यार्पण गरेका हुन् । पृथ्वीनारायण शाहको ३००औं जन्मजयन्तीको अवसर पारेर सालिकमा माल्यार्पण गर्न ज्ञानेन्द्र शाह समर्थक – बाँकी पृष्ठ २ मा

पृथ्वीनारायण शाहको सालिकमा माल्यार्पण गर्दै राष्ट्रपति विद्यादेवी भण्डारी (दायाँ) र समर्थकहरु सहित पूर्वराजा ज्ञानेन्द्र शाह (बायाँ) । तस्वीर: रासस



# भारतीय कदमप्रति दलहरुको आपत्ति

लिपुलेक र लिम्पियाधुरामा भारतीय पक्षबाट सडक निर्माण लगाय संरचना बनाउन नछोडेको भन्दै दलहरुले आपति जनाएका छन् । सरकारसँग कुटनैतिक पहलकदमीको माग समेत गरेका छन् ।

**मुक्ति रेग्मी/मध्यान्ह**
काठमाडौं, २७ पुस ।

दक्षिणी छिमेक भारतले नेपाली भूभागमा अतिक्रमण नरोकेको भन्दै दलहरुले आपत्ति जनाएका छन् । लिम्पियाधुरा-लिपुलेक क्षेत्रमा भारतीय पक्षले सडक संरचना लगायत बनाउन नछोडेको भन्दै दलहरुले आपत्ति जनाएका छन् ।

नेकपा एकीकृत समाजवादीका विदेश विभाग प्रमुख एवम् पूर्वप्रधानमन्त्री झलनाथ खनालले सोमबार बक्तव्य जारी गरी गम्भीर ध्यानाकर्षण भएको जनाएका थिए । दुई देशबीचको सम्बन्धमा यसले समस्या ल्याउने भएकाले सरकारसँग कुटनैतिक पहलकदमीको माग पूर्वप्रधानमन्त्री खनालले गरेका थिए ।

मंगलबार नेकपा एमालेले पनि भारतीय पक्षबाट भएको कार्य रोक्न माग गरेको छ । एमाले विदेश विभाग प्रमुख राजन भट्टराई बक्तव्य जारी गरी नेपाली भूमिमा निर्माण भइरहेको संरचना रोक्न माग गरेका छन् ।

लिपुलेक र लिम्पियाधुरा क्षेत्र नेपालका अभिन्न भूमि भएकाले भारत सरकारले संरचना बनाइरहेको प्रति एमालेले ध्यानाकर्षण भएको जनाएको छ । गत वर्ष राजनीतिक-प्रशासनिक नक्सा एवं संविधान संशोधन मार्फत् नेपालले यो क्षेत्रबारे राजनीतिक अडान प्रष्ट पारेको भट्टराईको विज्ञप्तिमा उल्लेख छ ।

नेपालले आफ्नो कानूनी एवं राजनीतिक अडान स्पष्ट पारिसकेको अवस्थामा उक्त भूभाग फिर्ता ल्याउन कूटनीतिक पहल शुरु गर्न सरकारसँग – बाँकी पृष्ठ २ मा

# सतर्कता नअपनाए कार्बाही

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, २७ पुस ।

कोरोना भाइरसको तेस्रो भेरियन्ट ओमिक्रोनका कारण संक्रमण दर उच्च बनेको छ । मंगलबार एकैदिन थप २,४४४ जनामा संक्रमण पुष्टि भएको छ । १०,६४८ पीसीआर र ४,३८५ एन्टीजेन नतिजामा मंगलबार आएको थियो ।

तर मंगलबार ३१३ जना मात्रै निको भएका छन् । केही दिन यता उच्च दरमा संक्रमण बढेको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार ९,५२२ जना संक्रमित उपचारत छन् । मंगलबार संक्रमणबाट एक जनाको मृत्यु भएको छ । केही समय यता संक्रमणबाट मृत्यु शून्य हुँदै आएको थियो । मन्त्रालयका अनुसार, १९ संक्रमितको भेन्टिलेटर ९३ जना आइसियुमा उपचारत छन् ।

कोरोना संक्रमण उच्च दरमा बढेपछि राजधानी उपत्यकामा सतर्कता नअपनाए कार्बाहीको चेतावनीसहित १८ बुँदे आदेश जारी गरिएको छ ।

तेस्रो लहरको संक्रमण उच्च दरमा बढेपछि राजधानी उपत्यकामा उच्च सतर्कता अपनाउन स्थानीय प्रशासनले १८ बुँदे आदेश जारी गरेको छ । काठमाडौं, भक्तपुर र ललितपुरका प्रमुख जिल्ला अधिकारीको बैठकले सावधानी अपनाउन प्रतिबन्धात्मक आदेश जारी गरेको हो ।

कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (सीसीएमसी) को सिफारिस एवं गृहमन्त्रालयको निर्णय अनुसार, राजधानी उपत्यकामा सतर्कता अपनाउन आदेश जारी गरिएको हो । आदेश मंगलबार राति १२ बजेबाटै लागू हुनेछ ।

अब राजधानी उपत्यकामा मास्कको अनिवार्य प्रयोग गर्नुपर्नेछ । भौतिक दूरी कायम गरी – बाँकी पृष्ठ २ मा

# संघमा सहमतिको प्रयास जारी

## उम्मेदवारी फिर्ताको समय बुधबारसम्म, कोषाध्यक्ष र सदस्यका एक एक उम्मेद्वार पछि हटे

**मध्यान्ह संवाददाता**
काठमाडौं, २७ पुस

नेपाल वैदेशिक रोजगार व्यवसायी संघका उम्मेद्वारहरूलाई आफ्नो उम्मेद्वारी फिर्ता लिन बुधबार बिहान ११ बजेसम्मको समय दिइएको छ । संघ कार्यसमितिको आग्रहमा उम्मेद्वारी फिर्ताको समय एक दिन थप भएको निर्वाचन समितिले जनाएको छ ।

निर्वाचन समितिले सोमबार दर्ता भएका उम्मेद्वारहरुलाई मंगलबार २ बजेसम्म उम्मेद्वारी फिर्ताको समय दिएको थियो । तर अध्यक्षलगायत पदाधिकारीमा उम्मेद्वारी दिएका कुनै व्यवसायीले आफ्नो उम्मेद्वारी फिर्ता नलिएपछि संघ कार्यसमितिको आग्रहमा निर्वाचन समितिले उम्मेद्वारी फिर्ता लिने समय बुधबार ११ बजेसम्मका लागि थप गरेको हो ।

१७ सदस्यीय कार्यसमितिमा प्रथम तथा द्वितीय उपाध्यक्ष र महासचिव पदमा एक जनाको मात्र उम्मेद्वारी दर्ता भएको कारणले निर्विरोध भएको छ । आगामी पुस ३० गते हुने संघ कार्यसमितिका १७ सदस्यको निर्वाचनका लागि सोमबार ३० जना व्यवसायीको उम्मेद्वारी दर्ता भएको छ ।

प्रथम उपाध्यक्षमा प्रगतिशील वैदेशिक रोजगार व्यवायी मञ्चद्वारा प्रस्तावित फ्युचर स्टार म्यानपावर प्रा.लि.का सञ्चालक हरि बहादुर पाण्डे क्षेत्री, द्वितीय उपाध्यक्षमा वैदेशिक रोजगार व्यवसायी गणतान्त्रिक मञ्चद्वारा प्रस्तावित हेराल्ड इन्टरनेशनल प्रा.लि.का सञ्चालक प्रमेश्वर अधिकारी र महासचिवमा एकीकृत वैदेशिक रोजगार व्यवसायी संगठनका महासचिव इम्प्लोइमेन्ट लिंक प्रा.लि.का सञ्चालक मधुकर रिजाल निर्विरोध निर्वाचित हुने भएका छन् ।

यसअघि राजनीतिक दल निकट वैदेशिक रोजगार व्यवसायीका पाँच संस्थाबीच संघको आगामी निर्वाचन निर्विरोध नेतृत्व चयन गर्ने सहमति भएको थियो । तर उम्मेद्वारी दर्ता त्यस विपरीत परेपछि मंगलबार दिनभर सहमतिको प्रयास भएपनि सहमति हुन सकेको छैन ।

नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसन र नेपाल गणतन्त्रान्त्रिक वैदेशिक रोजगार व्यववायी निकट व्यवसायीबाट सहमति भन्दा धेरै उम्मेद्वारी परेको छ ।

अध्यक्ष पदमा गुरुङ म्यानेजमेन्ट ओभरसिज प्रा.लि.का सञ्चालक भुवन सिंह गुरुङ र गणतान्त्रिक मञ्चका पूर्व अध्यक्ष रोज ओभरसिज प्रा.लि. का सञ्चालक राम प्रसाद भान्तनाको उम्मेद्वारी परेको छ ।

दुबै उम्मेद्वारले आफ्नो पक्षमा लविङ गरिरहेका छन् । अध्यक्षका उम्मेद्वार भान्तनाले उमेदवारी दर्ता भएपछि उम्मेद्वारबीच सहमति – बाँकी पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

## सञ्जालको अध्यक्षमा थापा



**काठमाडौं/मस–** वैदेशिक रोजगार पत्रकार समाजका निवर्तमान अध्यक्ष हरि बहादुर थापा सुरक्षित आप्रवासनका लागि राष्ट्रिय सञ्जालको अध्यक्षमा निर्वाचित भएका छन् ।

सञ्जालको १४ औं वार्षिक साधारण सभाले थापाको अध्यक्षतामा ९ सदस्यीय नयाँ कार्यसमिति चयन गरेको छ । आप्रवासनको क्षेत्रमा कार्यरत २८ वटा गैरसरकारी संस्थाहरूको छाता संगठनको साधारणसभाले सर्वसम्मतिले नयाँ नेतृत्व छनोट गरेको हो ।

कार्यसमितिको उपाध्यक्षमा नेपाल विकास अध्ययन संस्थान-निड्सका चिरन्जीवी बराल, महासचिवमा पिपुल फोरमका कृष्ण प्रसाद न्यौपाने, कोषाध्यक्षमा एबिसी नेपालकी चाँदनी राना र सदस्यहरुमा महिला, कानून तथा विकास मञ्चकी पविता अधिकारी, ओरेक नेपालकी सविता पोखरेल, माइती नेपालकी उमा तामाङ, नीड्स नेपालका प्रकाश मडै र एफएनबीकी निर्मल उप्रेती चयन भएका छन् । – बाँकी पृष्ठ २ मा

# मन्त्री आले चढेको गाडी दुर्घटनाग्रस्त

**महेन्द्रनगर/मस**-पछिल्लो समय बतास काण्ड उजागर गरेर चर्चामा रहेका संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्री प्रेमबहादुर आले सवार गाडी दुर्घटनामा परेको छ । धनगढीबाट महेन्द्रनगर जादै गर्दा आले सवार सुदूरपश्चिमको भूमि व्यवस्था तथा कृषि सहकारी मन्त्रालयको सुप प्र ०१००१ झ ३३३ गाडी र विपरीत दिशाबाट आइरहेको बा ४ च १३७७ को गाडीसँग मंगलबार अपरान्ह ठोक्किदा दुर्घटना भएको प्रहरीले जनाएको छ ।



दुर्घटनामा कुनै मानवीय क्षति नभएको जिल्ला ट्राफिक प्रहरी कार्यालय कैलालीका एसपी विश्व अधिकारीले जानकारी दिए । दुर्घटना पछि मन्त्री आले महेन्द्रनगरमा आयोजना हुने कार्यक्रममा सहभागी हुन अर्को गाडी चढेर त्यसतर्फ गइसकेको पनि अधिकारीले बताए ।

**KUWAIT मा रोजगार** | कम्पनी: **NATIONAL UNION FOR PLASTIC FACTORY**
शहर: KUWAIT

पूर्व स्वीकृत मितिः २०७८/०९/२७ चलानी नं.: ६०१७२५४१ **LT. No.: 255993**

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cashier | 0 | 4 | सम्बन्धित काममा दक्ष | 150 | ५८,५७९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Cutting Machine Operator (Technician) | 10 | 0 | | 150 | ५८,५७९ | | | | | | | |
| 3. | Labour (Indoor) | 5 | 0 | | 90 | ३५,१४७ | | | | | | | |
| 4. | Paper Bag Operator (Technician) | 2 | 0 | | 150 | ५८,५७९ | | | | | | | |
| 5. | Plastic Bag Operator (Technician) | 4 | 0 | | 150 | ५८,५७९ | | | | | | | |
| 6. | Printer Operator (Technician) | 5 | 0 | | 150 | ५८,५७९ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७८ माघ ५, ६ र ७ गते (19, 20 & 21 January 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

श्रम ई. पत्र नं.: ३७४/०५९/०६०

**Ajeets Management and Development Company Pvt. Ltd.**
Tara Hall Chowk, Sinamangal-9, Kathmandu
Mobile.: 9823463896/9745353828
E-mail : cvajeetsnepal@gmail.com/cvnepalajeets@gmail.com

# हराएका दुई कलाकृति अमेरिकाबाट ल्याइँदै

**काठमाडौं/मस**–नेपालबाट हराएका दुईवटा कलाकृति अमेरिकाबाट फर्काइने भएको छ। न्यूयोर्कस्थित रुबिन म्युजियम अफ आर्टले आफ्नो संग्रहमा रहेका दुईवटा कलाकृति नेपाल फर्काउन लागेको हो।

न्युयोर्कमा आयोजित एक कार्यक्रममा नेपालका कार्यवाहक महावाणिज्यदूत विष्णुप्रसाद गौतम र रुबिन म्युजियम अफ आर्टका कार्यकारी निर्देशक डा.जोरिट ब्रिट्स्गीले संयुक्त रूपमा रुबिनको स्थायी संग्रहबाट दुईवटा सम्पदा नेपाल फर्काउने घोषणा गरेका हुन्।



मालासहित उडिरहेकी अप्सरा र मूलढोकामाथि राखिने तोरण सन् ९० को दशकमा काठमाडौं उपत्यकाका विहारबाट हराएका थिए। ती कलाकृति रुबिन संग्रहालयमा सन् २००३ र २०१० मा पुगेका थिए।

कार्यवाहक महावाणिज्यदूत गौतमले ऐतिहासिक कलाकृति नेपाल फिर्ता गराउन सहयोग गरेकामा रुबिन सङ्ग्रहालय, त्यसका कार्यकारी निर्देशक, ट्रस्टी बोर्ड, संग्रहालयका विद्वान् र पदाधिकारीहरुप्रति आभार व्यक्त गरेका न्युयोर्कस्थित नेपालको महावाणिज्यदूतावासले जनाएको छ।

रुबिनको संकलन गतिविधिहरू सिद्धान्तसँग सम्बन्धित नैतिक र व्यावसायिक अभ्यासको उच्चतम स्तरहरूको पालना गर्ने बताउँदै कार्यकारी निर्देशक ब्रिट्स्गीले पुरातात्विक वस्तुहरूको चोरी कला संसारमा एक प्रमुख चिन्ताको विषय बनेको बताए।

उनले भने, 'हामीले संकलन र प्रदर्शन गर्ने कला र वस्तुहरूको होसियारीपूर्वक अनुसन्धान गर्नु हाम्रो कर्तव्य हो।

## राष्ट्रपति...

सहित त्यहाँ पुगेका थिए। सरकारले पृथ्वीजयन्तीलाई राष्ट्रिय एकता दिवस घोषणा गरेकाले ज्ञानेन्द्र शाह भन्दा अगाडि राष्ट्रपति विद्यादेवी भण्डारीले सालिकलाई माल्यार्पण गरेकी थिइन्। राष्ट्रपति भण्डारीले माल्यार्पण गरेको डेढ घण्टापछि शाह त्यहाँ पुगेका थिए। राष्ट्रपति उच्च सुरक्षा सतर्कतासहित त्यहाँ पुगेपनि शाहले भने समर्थकहरुको भीड बीच गाडीबाट निस्किएर माल्यार्पण गरे।

२०६३ सालको दोस्रो जनविद्रोहपछि सरकारले पृथ्वी जयन्ती मनाउन छोडेको थियो। राजतन्त्रको अन्त्य गर्दै गणतन्त्र स्थापना भएपछि उक्त सालिकमा सरकारी रुपमा माल्यार्पण हुने गरेको थिएन। राजावादीहरुले भने पृथ्वी जयन्ती मनाउने गरेका थिए भने पृथ्वीनारायण शाहको सालिक माल्यार्पण गर्ने गरेका थिए।

तर चार वर्ष पहिले सरकारले नै यो दिवस मनाउने निर्णय गऱ्यो। पहिलो वर्ष राष्ट्रपति भण्डारी र तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाले माल्यार्पण गरेका थिए। यसपटक भने पूर्व राज्ञा ज्ञानेन्द्र शाह नै सालिक माल्यार्पण गर्न पुगे। उनका समर्थकहरुले राजसंस्थाको पक्षमा नारा लगाएका थिए। ज्ञानेन्द्र शाह पुग्दा उनको तस्वीर अंतिक तस्वीर समर्थकहरुले बोकेका थिए।

ज्ञानेन्द्र शाह माल्यार्पणका निम्ति पुग्नु अगाडि पूर्वपञ्चहरुको पार्टी राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का अध्यक्ष राजेन्द्र लिङ्देन सहित नेताहरुले माल्यार्पण गरेका थिए। राप्रपाले राजतन्त्र र हिन्दू राज्यको पक्षमा वकालत गर्दै आएको छ। मंगलबार पृथ्वीजयन्तीको अवसरमा ज्ञानेन्द्र शाह समर्थृकहरु सहित मुलुकको प्रमुख प्रशासनिक केन्द्र अगाडि पुग्नुलाई राप्रपाका नेताहरुले आउने दिनको संकेत भनेका छन्। यसले राजतन्त्रको पक्षमा जनता सडकमा आउने संकेत गरेको राप्रपाका नेता मोहन श्रेष्ठले बताए।

ज्ञानेन्द्र शाहले राजधानीमा माल्यार्पण गरिरहँदा उनका समर्थक र राप्रपाले देशभर पृथ्वी जयन्ती मनाएको छ। राष्ट्रिय एकता दिवस भएकाले देशभर सानाठूला कार्यक्रम गरी यो दिवस मनाइएको छ।

## भारतीय...

एमालेले माग गरेको छ। "नेपाल-भारत संयुक्त आयोगको बैठकमा सीमालगायत दुई देशबीचमा थाँती रहेका विषयलाई कूटनीतिक माध्यमबाट टुंग्याउने भनी गरिएको सहमति विपरीत भारतीय पक्षबाट उक्त नेपाली भूभागमा सडकसहित संरचना निर्माणलाई तीव्रता दिइरहेकोप्रति नेकपा (एमाले) को गम्भीर ध्यानाकर्षण भएको छ", बक्तव्यमा उल्लेख छ।

भारतसँग वार्ताको माध्यमबाट यो विषय हल हुनुपर्ने पनि एमालेको माग छ। "नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता र स्वाभिमानमाथि आँच पुऱ्याउने यस्ता गतिविधि तत्काल बन्द हुनुपर्छ, सडक लगायत संरचना निर्माण रोकिनुपर्छ, वार्ताको माध्यमबाट यस विषयलाई अविलम्ब टुङ्ग्याइनुपर्छ र वार्ताबाट समाधान नखोजिँदासम्म राज्यस्तरबाट कुनै पनि संरचना बनाइनुहुन्न", बक्तव्यमा उल्लेख छ।

नेपाल सरकारले गएको वर्ष संविधान संशोधन गरी लिम्पियाधुरा सहितको नयाँ राजनीतिक-प्रशासनिक नक्सा जारी गरेको छ। यसअघि उक्त भूमि नेपालको नक्साभित्र थिएन। तर संविधान संशोधन गरी उक्त भूमि नेपालको अभिन्न अंग बनेको छ।

## सतर्कता ....

गतिविधि सञ्चालन गर्न र राम्ररी साबुनपानीले हात धुन, स्यानिटाइजरको प्रयोग गर्न र स्वास्थ्य सुरक्षा मापदण्डको पूर्ण पालना गर्न प्रशासनले निर्देशन दिएको छ।

राजनीतिक, आर्थिक, सामाजिक, व्यावसायिक तथा अन्य गतिविधि गर्दा स्वास्थ्य सुरक्षा मापदण्डको पूर्ण पालना गर्न तथा सार्वजनिकस्थलमा सबै प्रकारका राजनीतिक तथा धेरै जना उपस्थित हुने गरी कार्यक्रम गर्न रोक लगाइएको छ। अत्यावश्यक तथा नियमित कार्यका लागि स्थानीय प्रशासनको अनुमति आवश्यक पर्ने गरी आदेश जारी भएको छ।

आदेशमा २५ जनाभन्दा बढी भेला हुने गरी कार्यक्रम नगर्न, सार्वजनिक स्थान (होटल, रेस्टुरेन्ट, सिनेमाहल, रंगशाला, हवाईयात्रा, उद्यानलगायतमा जाँदा आगामी माघ ७ गतेदेखि कोभिडविरुद्धको खोप लगाएको कार्ड (मोबाइलमा फोटो भए पनि हुने) साथमा राखेको हुनुपर्ने उल्लेख छ। माघ ७ गतेदेखि सार्वजनिक सेवा लिँदा अनिवार्य खोप कार्ड लगाएको हुनुपर्ने गरी आदेश जारी भएको छ।

स्थानीय तहसँगको समन्वयमा जिल्ला स्वास्थ्य कार्यालयले सबै विद्यालयका १२ देखि १७ वर्ष उमेर समूहका विद्यार्थीलाई खोप लगाउने गरी कार्यतालिका बनाएर कार्यान्वयन गर्न आह्वान गरिएको छ। शिक्षा मन्त्रालयको निर्देशनबमोजिम माघ १५ सम्म भौतिक उपस्थितिमा पठनपाठन नगराउने र पूर्वनिर्धारित सेमेष्टर तथा वार्षिक परीक्षाको हकमा स्वास्थ्यका मापदण्ड अपनाई जेड आकारमा बसाई व्यवस्थापन गर्न आदेश दिइएको छ। सार्वजनिक सेवा प्रवाहमा चाप हुने कार्यालयमा भीडभाड नहुने उपयुक्त तरिका अपनाएर काम गर्न भनिएको छ।

## संघमा ....

गर्नुपर्नेमा राजनीतिक दल निकट संस्थालाई भागबन्डा गरेर पद बाँडफाँड गर्दा संघमा राजनीतिमा सक्रिय चासो नहुने व्यवसायीको अपनत्व नहुने खतरा बढ्ने भन्दै भागबन्डा गर्नु अनुचित भएको दाबी गरे।

एसोसिएसनका तर्फबाट परेका उम्मेद्वारहरूलाई यथावत राखेर आफुलाई उम्मेद्वारी फिर्ताका लागि दबाब दिइएको भन्दै उनले एसोसिएसनले आफ्नोतर्फको समस्या पहिले समाधान गर्नुपर्ने मध्यान्हलाई बताए।

तृतीय उपाध्यक्ष ओभरसिज इम्प्लोइमेन्ट प्रा.लि.का सञ्चालक अख्तर हुसैन र संघका कार्यसमिति सदस्य डाइनामिक स्टाफिङ सोलुसनका सञ्चालक कर्ण राज कटुवालको उमेदवारी दर्ता भएको छ। मंगलबार साँझसम्म दुवै उमेदवार कायमै छन्।

सचिवमा एसोसिएसनका पूर्वअध्यक्ष बाबा ह्युमनका सञ्चालक प्रज्ञान न्यौपाने र गुगल ओभरसिजका केशवराज न्यौपाने दुबैको उम्मेद्वारी कायमै रहेको छ। दुबै उम्मेद्वारबीच एकआपसमा छलफल भइरहेको बताइएको छ। कोषाध्यक्षमा नौकरी नेपालका सञ्चालक तथा एसोसिएसनका वर्तमान अध्यक्ष नरेन्द्र प्रसाद ढकाल र संघकी वर्तमान कोषाध्यक्ष सि.एस.टि सिजन सर्भिसकी सञ्चालिका इन्दिरा गुरुङको उम्मेद्वारी दर्ता भएको छ। गुरूङले उम्मेदवारी फिर्ता लिएको बताइएको छ।

कार्यसिमित सदस्यहरुमा एकीकृत संगठनका कन्फिडेन्ट म्यानपावरका सञ्चालक अनिल बोगटी र सुर्खेत ओभरसिजका गणेश कुँवर, आयुष ओभसिजका कामेश्वर साह (राहुल), गणतान्त्रिक मञ्चका इम्प्लोइमेन्ट ह्युमन रिर्सोसमा सञ्चालक केदारनाथ अधिकारी, उज्यालो ओभरसिजका चन्द्र बहादुर लिम्बु, प्रगतिशील मञ्चका तर्फबाट एसिया लिंक सर्भिसेजका मिलन कट्टेल, सल्मा एचआर शोलुशनका सोम बहादुर तामाङको उम्मेद्वारी दर्ता भएको छ। एसोसिएसनका तर्फबाट मोहम्द जुनैद (खोजी रिक्रुटमेन्ट), जंग बहादुर इजम (एलन ओमर्सिज), राजेन्द्र अधिकारी (जेजे ह्युमन), हर्क बहादु लिम्बु (इसिएस इम्प्लोइमेन्ट), कैलाश पाठक (सिल्भर कर्नर), प्रेम राज लावती (एडभान्स रिक्रुटमेन्ट), प्रकाश बोहरा (मार्स म्यानपावर), नगेन्द्र प्रसाद पोखरेल (नबिन) (पुकार इन्टरनेसनल), बिक्रम श्रेष्ठ (शुभहारती म्यानपावर), लक्ष्मण पौडेल (त्रिवेणी ओभरसिज), बिजय कुमार कार्की (इम्पायर इन्टरनेसनल), ऋषिराम कडेल (आर बी ओभरसिज)को उम्मेद्वारी परेको छ।

त्यसमध्ये इजमले उम्मेदवारी फिर्ता लिएका छन्। सदस्यमा उम्मेदवारी दर्ता गराएका पोखरेल, लिम्बू, श्रेष्ठ र जुनैद एसोसिएसनका आधिकारिक उम्मेद्वार हुन्।

## सञ्जालको...

सञ्जालले आप्रवासनलाई सुरक्षित मर्यादित एवं व्यस्थित बनाउने र आप्रवासी श्रमिकहरूको अधिकारलाई स्थापित गर्न स्थापना कालदेखि निरन्तररुपमा पैरवी गर्ने, सञ्जालीकरण गर्ने तथा सरोकारवाला निकायहररूसँग समन्वय एवं सहकार्य गर्दै आइरहेको बताएको छ। सञ्जाल २०६५ सालमा स्थापित संस्था हो।

# कुनै पनि पार्टीसँग एकता हुादैन : वैद्य

**काठमाडौं/मस**- नेकपा (क्रान्तिकारी माओवादीका) महासचिव मोहन वैद्यले तत्काल कुनै पनि पार्टीसँग एकता नहुने बताएका छन्।

राजधानीमा मंगलबार आयोजित पत्रकार सम्मेलनमा महासचिव वैद्यले नेकपा (माओवादी केन्द्र) र अन्य कम्युनिष्ट पार्टीसँग आफ्नो पार्टी एकताको पक्षमा नरहेको स्पष्ट पारे। उनले भने, 'हामीले पुष्पकमल दाहाल 'प्रचण्ड' र नेत्रविक्रम चन्द 'विप्लव'सँग पार्टी एकताको कुरा गरेका छैनौं, उहाँहरु दुवै जनासँग पार्टी एकता हुन सक्दैन।' मोहनविक्रम सिंह नेतृत्वको नेकपा मसालसँग पनि आफ्नो पार्टीको एकता हुन नसक्ने वैद्यको भनाइ थियो। सिमाना र राष्ट्रियताको समस्या जटिल बन्दै गएको अवस्थामा सरकार चुप लागेर बसेको उनको आरोप थियो।

## श्री नमुना माध्यमिक विद्यालय (०-१२) मुर्कुची
रौतामाई ७, उदयपुर
स्था: २०१८
प्रदेश नं. १, नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशित मितिः २०७८/०९/२८**

यस कार्यालयको मिति २०७८/०७/१७ को **"Construction of Shree Namuna Ma.Bi. School Building, Murkuchi-7"** समबन्धी ठेक्काको बोलपत्र आह्वानको प्रकाशित सूचना अनुसार दर्ता हुन आएका बोलपत्रहरु मध्ये तपशिलमा उल्लेख भएका बोलपत्र न्यूनतम मुल्याङ्कित सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ प्रयोजनका लागि सम्बन्धित सबैलाई जानकारीको लागि ७ (सात) दिने आशयको सूचना प्रकाशित गरिएको छ।

तपशिल

| क्र.स | बोलपत्र ठेक्का नं. | कामको विवरण | छनौट भएको बोपत्रदाताको नाम | कबोल गरेको रकम (भ्याट सहित) |
|---|---|---|---|---|
| १ | २०७८/०७९/०१४ | Construction of Shree Namuna Ma.Bi. School Building, Murkuchi-7, Rautamai RM | Mamata Nirman Sewa Pvt. Ltd, Triyuga-7 Udaypur | रु.८८,२३,१२९/३५ |

## दोरम्बा शैलुङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
टोकरपुर ,रामेछाप।

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशित मितिः २०७८।०९।२८**

प्रस्तुत विषयमा यस कार्यालयको प्रकाशित सूचना अनुसार विभिन्न निर्माण तथा स्तरोन्नतीको लागि आब्हान गरिएको बोलपत्र सम्बन्धि सूचना निम्नानुसारको बोलपत्रदाताले दाखिला गरेको बोलपत्र न्यूनतम मुल्याङकित सारभुत रुपमा प्रभावकारी देखिन आएको ले लागि मुल्याङकन समितिबाट सिफारिस भई आएकोले सार्वजनिक खरीद ऐन २०६३ को दफा २७ प्रयोजनार्थ बोलपत्र पेश गर्ने सम्बद्ध सबैकालागि यो ७ दिने बोलपत्र स्वीकृत गर्ने आशयको सूचना दिईएको छ।

| सि.नं. | ठेक्का नं. | योजनाको नाम | बोलपत्रदाताकोको नाम | कबोल अंक मु.अ.कर बाहेक |
|---|---|---|---|---|
| १ | DSRM/WORKS/NCB/06/2078/79 | डोप्ला डोरखानी तीनधारा पासेवन खानेपानी योजना | Kaushil Basnet Nirman Sewa(P) Ltd. | रु ३२,०८,२०७।२५ |
| २ | DSRM/WORKS/NCB/07/2078/79 | राजभीर छाँगा घलेडाँडा सडक निर्माण | Shailungeshwori Chaurik-hola Construction Company Pvt Ltd | रु १६,९५,२६४।२५ |
| ३ | DSRM/WORKS/NCB/08/2078/079 | खस्रुबथान खा पा योजना वडा नं ४ | Aislinn Construction Pvt. Ltd | रु १३,७६,१६५।९० |
| ४ | DSRM/WORKS/NCB/09/2078/079 | ताइजुंग सिके खोला खयरघारी खा पा योजना वडा नं ४ | Shailungeshwori Chaurikhola Construction Company Pvt Ltd | रु १६,९७,०८२।०४ |

प्रमुख प्रशासकिय अधिकृत

## Rajbiraj Municipality
Office of the Municipal Executive
Rajbiraj, Saptari

### Invitation forBids

**Contract Identification No: Rmun/Saptari/Work/NCB/02/078/079**

**Date of Publication:B.S. 2078/09/28 (12th January, 2022)**

1. RajbirajMunicipality, Office of the Municipal Executive, Rajbiraj,Saptari invites electronic bids from eligible bidders for the following work under National Competitive Bidding process:

| S.N. | Contract No. | Description of Work | Total Estimated Amount Without VAT (NRs.) | Bid Security Amount (NRs.) | Price of Bid Document (NRs.) | Bid Purchase Deadline | Bid Submission Deadline | Bid Opening Date |
|---|---|---|---|---|---|---|---|---|
| 1. | Rmun/Saptari/Work/NCB/02/078/079 | Construction of Road & Drain at Rajbiraj Municipality Ward No.6, Saptari | 49,39,577.42 | 1,45,000.00 (Total 120 Days of validity) | 3,000.00 (Non Refundable) | 2078/10/27 (10th February, 2022) | 2078/10/28 (11th February, 2022) Time: 12:00 Afternoon | 2078/10/28 (11th February, 2022) Time: 14:00 PM |
| Place to Purchase and Submit the Bid Document | | | | PPMO's website:www.bolpatra.gov.np./egp | | | | |
| Account Details for the payment of the non-refundable bid document fee | | | | Account Name:Rajbiraj Municipality, AantarikRajaswaKhata<br>Bank Name: RastriyaBanijya Bank Limited<br>Bank Address: Rajbiraj, Saptari<br>Account Number:2180100301010006 | | | | |
| Account Details to furnish the bid security amount | | | | Account Name:Rajbiraj Municipality, DharautiKhata<br>Bank Name: RastriyaBanijya Bank Limited<br>Bank Address: Rajbiraj, Saptari<br>Account Number:2180100303000006 | | | | |

2. Eligible Bidders may obtain further information from PPMOs website: www.bolpatra.gov.np./egp

Chief Administrative Officer

## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

दोस्रो पटक प्रकाशित मिति २०७८/०९/२८

यस कम्पनीको मिति २०७४/०७/१५ मा सम्पन्न विशेष/वार्षिक साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **ग्लोबल एजुकेशन एण्ड माइग्रेशन सोलुसन प्रा.लि. (प्रा.लि. नं. १६९४९६)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७४/०७/२२ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **ग्लोबल एजुकेशन एण्ड मुभिङ्ग एब्रोड सोलुसन प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ।

# प्रदेश २ को राजधानी र नामकरणका लागि पुनः मतदान

**जनकपुर/मस-** प्रदेश २ को नामकरण र राजधानीसम्बन्धी प्रस्तावका लागि पुनः मतदान हुने भएको छ । दलहरुबीच मतदानका लागि प्रदेशसभामा प्रस्ताव लैजाने सहमतिसँगै प्रदेशसभाको बैठक आगामी माघ २ गते बस्ने भएको छ ।



बैठकमा विभिन्न दलका प्रदेशसभा सदस्यबाट नाम र राजधानीका लागि आएका प्रस्ताव टेबल गर्ने र माघ ३ गते मतदान गर्ने दलहरुबीच सहमति भएको नेकपा माओवादी केन्द्र संसदीय दलका नेता भरतप्रसाद साहले जानकारी दिए ।

प्रदेशको नाम र राजधानीसम्बन्धी आएका फरक-फरक प्रस्तावमा सहमति जुटाउनका लागि प्रदेशसभाले सभामुख सरोजकुमार यादवको संयोजकत्वमा १६ सदस्यीय प्रदेशको नामकरण र राजधानीसम्बन्धी विशेष अध्ययन समिति गठन गरेको थियो ।

सो समितिले विभिन्न चरणमा गरेको छलफल तथा राजनीतिक नेतासँग गरेको बैठकमा सहमति जुटाउन नसकेपछि पुनः मतदानद्वारा नै ती प्रस्ताव टुंगो लगाउने दलहरुबीच सहमति भएको छ ।

सो समितिको पहलमा बसेको सर्वदलीय बैठकमा प्रदेशको नाम र राजधानीको प्रस्तावलाई मतदानमै लैजाने सहमति भएको प्रदेशसभा सचिवालयका सचिव रञ्जीतकुमार यादवले जानकारी दिए ।

समितिले प्रदेशसभामा दर्ता भएको प्रदेशको नाम मधेस, जानकी, मिथिला भोजपुरा, मध्य मधेस र राजधानीको प्रस्ताव जनकपुर र वीरगन्जमाथि सांसदहरूबीच छलफल सकेर संसदीय दलका नेतासँग छलफल गरेको थियो । तर कुनै प्रस्तावमा सहमति नभएपछि मतदानका लागि सहमति भएको सचिव यादवले बताए । प्रदेशको नाम र स्थायी राजधानीको प्रस्ताव पारित हुन प्रदेशसभामा दुई तिहाइ बहुमत आवश्यक छ ।

दलहरुबीच प्रदेशको राजधानी जनकपुर कायम गर्नुपर्नेमा करिब करिब सहमत रहेपनि नामको विषयमा फरक-फरक प्रस्ताव आएका छन् । सत्तारुढ जनता समाजवादी पार्टी, नेकपा (माओवादी) र प्रमुख प्रतिपक्षी दल लोकतान्त्रिक समाजवादी पार्टीले प्रदेशको नाम मधेस प्रदेश राख्नुपर्ने प्रस्ताव गरेका छन् ।

१०७ सदस्यीय प्रदेशसभामा तीनै दलको सदस्य संख्या जोड्दा ६३ जना पुग्छ । तर प्रस्ताव पारित गर्न ७० सांसद चाहिने देखिन्छ । यस्तै सत्तारुढ नेकपा (एकीकृत समाजवादी) पार्टी र प्रतिपक्षी दल नेकपा (एमाले)ले प्रदेशको नाम जानकी राख्नुपर्ने प्रस्ताव गरेको छ । ती दुबै दलको प्रदेशसभामा २१ जना सांसद छन् भने प्रदेशको नाम मिथिला भोजपुरा प्रस्ताव गरेको नेपाली कांग्रेससँग १९ प्रदेशसभा सदस्य छन् ।

यसबाहेक नेपाली कांग्रेसकै राजेश्वरप्रसाद साहले प्रदेशको नाम मध्य मधेश प्रस्ताव गरेको छ । यसरी अंकगणितलाई केलाउदा मधेशको प्रस्ताव ल्याएका तीनलाई कांग्रेस, नेकपा एकीकृत समाजादी पार्टी वा नेकपा एमालेमध्ये कुनै एक दलले समर्थन गर्नुपर्ने हुन्छ । तर अहिलेकै अवस्थामा कुनै पनि प्रस्तावमा दुई तिहाई पुग्ने अवस्था नदेखिएको प्राध्यापक देवनारायण यादवको भनाइ छ ।

# लमजुङका मिर्गौलाबाट पीडित तामाङलाई आर्थिक सहयोग

**जनक श्रेष्ठ/मध्यान्ह**
लमजुङ, २७ पुस

लमजुङ बेसीशहर नगरपालिका-११ रामचोकबेँसीका दुवै मिर्गौलाबाट पीडित ४५ वर्षीय धनबहादुर तामाङलाई ६२ हजार ७ सय ३५ रुपैयाँ सहयोग स्वरूप उपलब्ध गराइएको छ ।




नेकपा एमाले बेसीशहर नगर कमिटीको पहलमा पार्टीको आठौं जिल्ला अधिवेशनमा सहभागी प्रतिनिधिहरुबाट चन्दा संकलन गरी सो रकम तामाङलाई उपलब्ध गराइएको हो । कमिटी सदस्य एवं सोही गाउँका स्थानीयवासी ईश्वरराज सेढाई र ऋषि सेढाईको नेतृत्वमा संकलित रकम नेकपा एमाले केन्द्रीय सदस्य मायानाथ अधिकारीले मंगलबार मिर्गौला पीडित तामाङलाई हस्तान्तरण गर्दै दुःखमा परेका नागरिकलाई सहयोग गरी मानवताको भावना प्रकट गर्नुपर्ने बताए । नागरिकस्तरबाट मात्र नभई सरकारले समेत यस्ता विषयमा चासो दिनुपर्ने उनको भनाइ थियो । पीडित तामाङले उपचारका क्रममा हालसम्म ११ लाख रुपैयाँ खर्च भइसकेको र अझै धेरै रकम आवश्यक भए पनि आर्थिक अवस्था नाजुक भएकाले सबैको सहयोगको अपेक्षा गरिएको बताए । उनले भने, 'मेरो जीवन बचाउन अमूल्य सहयोग रहोस् ।' गत पुस ६ गते काठमाडौंको टिचिङ अस्पतालमा स्वास्थ्य जाँच गर्दा दुवै मिर्गौलाले काम नगर्ने पुष्टि भएको र उक्त अस्पतालमा ११ दिनसम्मको उपचार पछि हाल भरतपुरस्थित सरकारी अस्पतालमा उपचार गराउँदा अहिलेसम्म ११ लाख रुपैयाँ खर्च भइसकेको जनाइएको छ ।

मिर्गौला फेर्नका लागि आफ्नै श्रीमतीले दिन राजी भएको र यसका लागि थप रू १० लाख जति आवश्यक रहेकाले सहयोगी मनहरुलाई मोबाइल नं ९८१७११३२२२ मा सम्पर्क गर्न वा माछापुच्छ्रे बैंकको खाता नं १७०० ९४३४७६५०००१३ मा रकम जम्मा गरिदिन पीडित तामाङ्ले आग्रह गरे ।

# राष्ट्रपति, पूर्वराजासहित नेताहरुद्वारा पृथ्वीनारायण शाहको शालिकमा माल्यार्पण

**काठमाडौं/मस-**राष्ट्रपति विद्यादेवी भण्डारीले राष्ट्रनिर्माता पृथ्वीनारायण शाहको शालिकमा माल्यार्पण गरेकी छन् ।



मंगलबार राष्ट्रिय एकता दिवस तथा ३०० औं पृथ्वीजयन्तीको अवसरमा सिंहदरवारको पश्चिम गेटमा रहेको पृथ्वीनारायण शाहको शालिकमा राष्ट्रपति भण्डारीले माल्यार्पणसहित पुष्पगुच्छा अर्पण गरेकी हुन् ।

त्यस्तै पूर्वराजा ज्ञानेन्द्र शाहले राष्ट्र निर्माता पृथ्वीनारायण शाहको शालिकमा माल्यार्पण गरेका छन् । पूर्वराजा शाहले सिंहदरवारको पश्चिम मूलगेटमा रहेको राष्ट्रनिर्माता पृथ्वी नारायण शाहको शालिकमा माल्यापर्णसहित पुष्पहार अर्पण गरेका हुन् ।

सो अवसरमा राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष राजेन्द्र लिङदेन र पूर्व अध्यक्ष कमल थापाले पनि पृथ्वीनारायण शाहको शालिकमा माल्यार्पणसहित पुष्पहार अर्पण गरे ।

पृथ्वी जयन्तीको अवसरमा काठमाडौंसहित देशभरका विभिन्न स्थानमा विभिन्न कार्यक्रम गरी पृथ्वी जयन्ती मनाइएको छ ।

विक्रम सम्बत १७७९ पुस २७ गते गोर्खामा जन्मिएका पृथ्वीनारायण शाहले स-साना राज्यलाई एकीकरण गरी आधुनिक नेपाल निर्माण गरेका थिए । तत्कालीन नेपालको अवस्थालाई विश्लेषण गर्दै पृथ्वीनारायण शाहबाट भएको दिव्योपदेश अहिले पनि उत्तिकै सान्दर्भिक र दूरदृष्टियुक्त पाइन्छ ।

(वि.सं.१७७९-१८३१) शाहवंशीय राजा पृथ्वीनारायण शाले स-साना राज्यहरूमा बाँडिएका बाईसे तथा चौबिसे राज्यहरूलाई एकत्रित गरी एउटै देशको सृजना गरेका थिए । आधुनिक नेपालको राष्ट्रनिर्माताको रूपमा पृथ्वीनारायण शाहलाई पुस २७ गते उनको सम्झनामा नेपालमा राष्ट्रिय एकता दिवस मनाउने गरिन्छ ।

काव्य शृंखलामा पृथ्वीनारायण शाहको सम्झना

पृथ्वीनारायण शाहको ३०० औं जन्मजयन्तीका अवसरमा भूगोल साहित्य समाजले मंगलबार आयोजना गरेको १४औं काव्य शृङखलामा २४ जना कविले कविता पाठ गरे । कविहरू गुप्तबहादुर श्रेष्ठ, दिनेशविक्रम थापा, नवराज पुडासैनी, धरणीधर गुरागाईं, राधिका गुरागाईं, बुद्धिराज पाण्डे, प्रकाश घायल, ओमप्रकाश आचार्य, पुनम घिमिरे, नरराज आचार्य, लव खड्का, निशा केसी, महेश रिजाल, रेणु अधिकारी, मन्दिरा मधुश्री, लक्ष्मीप्रसाद पराजुली, विमला खड्का, हरिश्चन्द्र गौतम, सीता विष्ट कार्कीलगायतले राष्ट्रियताको जगेर्नाका लागि चनाखो र सन्तुलित परराष्ट्र नीति, छरितो र मितव्ययी संघीयता, आत्मनिर्भर भएको अर्थतन्त्रको निर्माणजस्ता पृथ्वीनारायण शाहको मार्गनिर्देशन वर्तमान सन्दर्भमा झन् उपयुक्त रहेको भाव आ-आफ्ना रचनामार्फत व्यक्त गरे । सो अवसरमा देशका विभिन्न भागमा भत्काइएका पृथ्वीनारायणका सालिक पुनःस्थापनना गर्नुपर्नेमा उनीहरूले जोड पनि दिए ।

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
**बैदेशिक रोजगार विभाग**

यस विभागबाट वैदेशिक रोजगार अभिमुखिकरण तालिम संचालन गर्न अनुमति प्राप्त संस्था श्री टास्क ट्रेनिङ एसोसियट्स प्रा.लि. (अ.प.नं. ४८)ले खाफ्नो साविकको ठेगाना काठमाडौं जिल्ला का.म.न.पा. वडा नं. ३४ लाई परिवर्तन गरी ललितपुर जिल्ला ललितपुर म.न.पा. वडा नं. ९ कायम गर्ने गरी ठेगाना परिवर्तन गर्न माग भई आएकोले उक्त प्रा.लि.को माग बमोजिम साविकको ठेगाना परिवर्तन गर्दा कोहि कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (साता) दिन भित्र विभागको संस्था दर्ता शाखामा दावी विरोध गर्न आउनुहोला अन्यथा कानून बमोजिम भई जाने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

## Shree Vijaya Secondary School

Dullu, Dailekh
Karnali Province, Nepal

### Invitation for Electronic Bidders

**IFB No : WORKS/NCB/01/078/079**
First Date of publication: 28/09/2078 (12 January, 2022)

1. ***Shree Vijaya Secondary School, Dullu, Dailekh*** invites only electronic bids from Nepalese eligible bidders for the construction of ***below listed execution of works*** under National Competitive Bidding procedures.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of ***Shree Vijaya Secondary School, Dullu, Dailekh*** or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Bidder have only option to submit their bid electronically & Bidder may download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np./egp,. Bidders, submitting their bid electronically, should deposit the cost (as specified above) of bidding document in the account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank: ***Rastriya Banije Bank, Dullu, Dailekh***
   Name of Office: ***Shree Vijaya Secondary School, Dullu Dailekh***
   Office Code No. :
   Office Account No.: Rajaswa (revenue) Shirshak No. 4010100000261001
   Dharauti Khatta(Deposit Acct.) No: 4010100000261001
4. Pre-bid meeting shall not be held.
5. Electronic bids must be submitted to the office through PPMO website www.bolpatra.gov.np/egpon or before ***12:00*** on **28/10/2078.** Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **14:00** on **28/10/2078**.at the office of ***[Shree Vijaya Secondary School, Dullu, Dailekh]***. Bids must be valid for a period of ***90 days*** after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to a minimum of NRs as mentioned as below ***(2 to 3 % of estimated amount inclusive VAT)]***, which shall be valid for 30 days beyond the validity period of the bid i.e 120 days after bid opening.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatever.
9. Any matters not covered in this notice shall be as per PPA and PPR of GoN.

| S.N. | Contract No | Work Description/ Name of Project | Estimated Amount Without VAT & Contingencies (NRs) | Bid Security amount (NRs) | Bid Document Fee (NRs) | Bid Security Validity Period |
|---|---|---|---|---|---|---|
| 1 | Works/NCB/01/2078/079 | **नमुना विध्यालय भौतिक पूर्वाधार निर्माण** (Construction of Second Storey of New Academic Building Complete Work) | 8348196.03 | 250000.00 | 3000.00 | 120 Days |

**Principal**
**Shree Vijaya Secondary School**

## कुवेतमा रोजगार

**कम्पनी: Al-Bahar General Services Co. W.L.L.**
**शहर: KUWAIT**

पूर्व स्वीकृत मितिः २०७८/०९/२७ | चलानी नं.: ६०१७२५६४ | LT. No.: 256044

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner Indoor | 50 | 0 | स. काममा दक्ष | 85 | ३३,१९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ माघ ५ गते (19 January 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।


**Link International Placement Service Pvt.ltd.**
Govt. Lic. No.: 821/066/067 ISO 9001 : 2015
Tokha-10, Prayasnagar, Samakhusi, Kathmandu, Tel.: 01-4956654, 4955978, 9849664971
Email: info@linknepalmanpower.com, Website: www.linknepalmanpower.com, P.O.Box: 9158

## HOSPITALITY TRAINING

Hilton Academy Pvt.Ltd. A great place for career

गर्नु या गराउनु परेमा होटल सम्बन्धी कुनै पनि Training या Working Video बनाउनु परेमा Hilton Academy लाई सम्झनु होला ।

कुनै पनि
Cook, Japanese Sushi, Bakery, Pastry, Pizza Burger Sandwich Maker, Kitchen Helper, Waiter, Bartender, Housekeeping Cleaner, Bell Boy, Room Attendant, Interview Preparation
विषयहरुलाई छोटो अवधीमा नै तालिम दिएर दक्ष बनाउने छौं ।



नोटः
६ महिने Professional Diploma in Hotel Management (PDHM)
पढ्न चाहने विद्यार्थीहरुका लागि ३० % off मा ADMISSION OPEN
गरिएको जानकारी गराउदछौं

सम्पर्क
Hilton Academy
of Hotel Management & Chulinary Arts
Basundhara Chowk, Near Ishanbal Hospital Kathmandu
01-4951313 H/P 9851195484

## सम्पादकीय

# राष्ट्रवादको होड

पृथ्वीनारायण शाहको ३००औं जन्मजयन्तीको अवसरमा आयोजित कार्यक्रमका कारण राजधानी उपत्यकाको सवारी व्यवस्थापन मंगलबार दिनभर अस्तव्यस्त बन्यो । विशिष्ट व्यक्तित्वको सवारी हुँदा राजधानी उपत्यकाको सवारी आवामगन त्यसैपनि प्रभावित हुनेगर्छ । मंगलबार त्यस्तै प्रभाव पर्‍यो । पृथ्वी जयन्तीको अवसरमा सिंहदरबारको पश्चिम गेट अगाडि अवस्थित पृथ्वीनारायण शाहको सालिकको माल्यार्पणमा राष्ट्रपति विद्यादेवी भण्डारी निस्किएकी थिइन् । राष्ट्रपति भण्डारीसँग मन्त्रीहरू समेत सहभागी भएकाले सिंहदरबार वरपरका मुख्य सडक प्रभावित बन्न पुग्यो । अझ पूर्वराजा ज्ञानेन्द्र शाह पहिलोपटक सालिकमा माल्यार्पण गर्न पुगेका थिए । गणतन्त्र आएपछि उनी पहिलोपटक माल्यार्पण गर्न पुगेका हुन् । ज्ञानेन्द्र शाह सालिक जाँदै गर्दा उनका समर्थकहरू सडक प्रदर्शनमा थिए ।


ज्ञानेन्द्र शाहका समर्थकहरू सिंहदरबारको पश्चिम गेट देखि भद्रकालीसम्म भरिएका थिए । गणतान्त्रिक मुलुकका ज्ञानेन्द्र शाह पृथ्वी जयन्तीमा निस्किनुलाई कतिपयले आपत्ति जनाएका छन् । उसो त ज्ञानेन्द्र शाहले पनि मुलुकमा विदेशी हस्तक्षेप बढेकाले राष्ट्रिय एकताका निम्ति सडकमा निस्कनु परेको प्रष्टोक्ति दिएका छन् । गणतन्त्रमा हरेक नागरिकलाई आफ्नो विचार रोज्ने र गतिविधि गर्न पाउने अधिकार सुरक्षित गरिएको छ । ज्ञानेन्द्र शाह पनि मुलुकको नागरिकको हैसियतमा रहेकाले त्यो अधिकार सुरक्षित छ । तर गणतान्त्रिक प्रणालीप्रति अनाष्ठा फैलाउनेगरी ज्ञानेन्द्र शाहले राष्ट्रियताका विषय उठाएका छन् । दलहरूले एकअर्का विरूद्ध सशक्त देखिन राष्ट्रवादी बन्ने गरेका थिए । तिनै कार्ड ज्ञानेन्द्र शाहले पनि उठाएका छन् ।

यसको अर्थ ज्ञानेन्द्र शाहले पनि तिनै कार्ड फ्याकेका छन्, जुन कार्ड नेताहरूले फ्याक्ने गरेका थिए । अहिले आफ्नो स्वार्थसिद्ध गर्न र शासन सत्तामा पुग्न अनेक नामको राष्ट्रवाद फ्याकिने गरेको छ । कतिपय दलहरूले धर्मलाई राष्ट्रियता मानेका छन् भने कतिपयले अन्तर्राष्ट्रिय सन्धीहरूलाई राष्ट्रियताको आधार बनाएका छन् । त्यही क्रममा ज्ञानेन्द्र शाहले पनि राजतन्त्रलाई राष्ट्रियताको प्रतीक मानेको अनुमान गर्न गाह्रो पर्दैन । जबकी अहिले हामीले उपभोग गरिरहेको व्यवस्थाको राष्ट्र भनेको नेपाली जनता हुन् । सार्वभौमसत्ता नेपाली जनतामा निहीत छ । तर अनेक शक्तिले राष्ट्रवादका निम्ति साझा प्रतीकहरूलाई पनि विवादमा तान्ने गरेका छन् । जुन मुलुक र नागरिकका निम्ति दुर्भाग्यपूर्ण छ ।

# पृथ्वीनारायण शाहलाई कसरी बुझ्ने ?

**राज्य एकीकरण जस्तो गहनता र गुरुत्व बोकेको गम्भीरतम कार्य गर्दा-गराउँदा जान-अन्जानमा केही कमी-कमजोरी हुनु स्वाभाविक नै हो । तथापि यो सच्चाइलाई भुलेर वा भुल्न लगाएर आज जसरी पृथ्वीनारायण शाह र उनको नेपाल एकीकरण जस्तो महान् अभियानलाई अवमूल्यन गरि निषेध गर्न खोजिँदै छ, नेपाल र नेपालीका लागि त्यो सर्वाधिक घातक छ ।**

## अग्रलेख



● नारायण शर्मा

नेपाल एकीकरण अभियानका मुख्य योजनाकार एवं कार्यान्वयनकर्ता पृथ्वीनारायण शाहको मूल्यांकनलाई लिएर नेपाली बुद्धिजीवी र राजनीतिककर्मीहरु विभाजित छन् । पृथ्वीनारायण शाह, उनको विशाल नेपाल निर्माण अभियान र यससम्बन्धी उनको योगदानलाई पूरै बदनाम गरी विस्थापित र विस्मृत बनाउने हिसाबले बडो विवादमा पारिएको छ । यो एउटा ठूलो दुःखद विडम्बना नै हो । राज्य एकीकरण जस्तो गहनता र गुरुत्व बोकेको गम्भीरतम कार्य गर्दा-गराउँदा जान-अन्जानमा केही कमी-कमजोरी हुनु स्वाभाविक नै हो । तथापि, यो सच्चाइलाई भुलेर वा भुल्न लगाएर आज जसरी पृथ्वीनारायण शाह र उनको नेपाल एकीकरण जस्तो महान् अभियानलाई अवमूल्यन गरि निषेध गर्न खोजिँदै छ । जुन वास्तवमै नेपाल र नेपालीका लागि त्यो सर्वाधिक घातक छ ।

हामीले योगदानको मूल्यांकनको नाममा 'पृथ्वीनारायण शाह एक्लैले नेपाल एकीकरण गरेर अहिलेको विशाल नेपाल बनेको हो, उनी राजा भएर नै यस्तो महान् योगदान गरेका हुन्, त्यसैले यो देशमा अहिले पनि राजा र राजतन्त्रको आवश्यकता र औचित्य छ' भनी ऐतिहासिक रुपले अनावश्यक भैसकेको र इतिहासको कुडाकर्कट बनिसकेको राजतन्त्रलाई फर्काउने मूर्खता पनि नेपाल र नेपालीका लागि उत्तिकै घातक छ ।



इतिहास निर्माणमा नेता र जनताको भूमिकालाई वस्तुवादी, वैज्ञानिक र द्वन्द्ववादी दृष्टिले हेर्नू, बुझ्नु, विश्लेषण गर्नु र संश्लेषणमा पुग्नु सही र सुखद हुन्छ भन्ने लाग्दछ । वास्तवमा इतिहासका निर्माता जनता नै हुन् । आजको नेपाल निर्माणमा पनि बिसे नगर्चीदेखि लिएर ७० वर्षीय भक्ती थापा, अमरसिंह थापा, बलभद्र कुँवर, कालू पाण्डेलगायतका जनताकै हजारौं हजार वीरवीराङ्गना बाल, बृद्ध र युवा छोराछोरीहरुको भूमिका रहेको स्पष्ट छ । जो सदास्मरणीय र स्तुत्य छ । राजघरानामा जन्मे-हुर्के र बढे-पढेको र एउटा सानो राज्यको राजा हुनुको हिसाबले त्यतिबेला पृथ्वीनारायण शाहमा एउटा ठूलो राज्य बनाउने चेतना र सोचाइ आउनु ऐतिहासिक भौतिकवाद सम्मत कुरा नै हो । त्यही चेतना र सोंचाइ त्यतिबेलाका अन्य राजाहरुमा पनि आएको हुनसक्छ ।

तर, ती राजाहरुमा पृथ्वीनारायण शाहको जत्तिको दूरदर्शिता, चातुर्दिकता, महत्वाकांक्षा, तत्परता, साहस र समर्पण नभएर नै उनीहरुले विशाल राज्य (नेपाल) निर्माण अभियानको थालनी, विकास र विस्तारको नेतृत्व गर्न सकेनन्, जो पृथ्वीनारायण शाहले गरे । पृथ्वीनारायणले राज्य एकीकरण अभियानमा जनतालाई परिचालन गरेर नै जनताको साथ र समर्थनमा मात्र एक विशाल र शक्तिशाली नेपाल निर्माण भएको हो । नेपाली जनता बहादुर र साहसी नभएको भए नेपाल विशाल र शक्तिशाली बन्दैनथ्यो ।

> पृथ्वीनारायण शाहमा जतिको दूरदर्शिता, महत्वाकांक्षा, तत्परता, साहस र समर्पण नभएर नै अन्यले विशाल राज्य (नेपाल) निर्माण अभियानको थालनी, विकास र विस्तारको नेतृत्व गर्न सकेनन् । पृथ्वीनारायणले राज्य एकीकरण अभियानमा जनतालाई परिचालन गरेर नै जनताको साथ र समर्थनमा मात्र एक विशाल र शक्तिशाली नेपाल निर्माण भएको हो । नेपाली जनता बहादुर र साहसी नभएको भए नेपाल विशाल र शक्तिशाली बन्दैनथ्यो ।

नेपाल विशाल र शक्तिशाली नभएको भए अङ्गेजहरुले उहिल्यै नेपाल कब्जा गरि नेपाल र नेपालीलाई अधीनमा पारेर आफ्ना गुलाम बनाइसक्थे । यही गर्न नपाएको र आफूहरुलाई चुनौती दिने काम विशाल नेपालीबाट भएकोले त्यसैको प्रतिशोध स्वरुप आज बेलायती साम्राज्यवादीहरु नेपालमा चलखेल गरिरहेका छन् । विगतमा कुनै न कुनै साम्राज्यको अधिनमा परेर गुलाम बनेका तर, आज शक्तिशाली र सम्पन्न बनेका साम्राज्यवादी-विस्तारवादी र उपनिवेशवादी देशका शासकहरुलाई पनि नेपाल स्वतन्त्र राष्ट्र रही आएकोमा ठूलो डाहा छ । नेपाललाई विशाल, शक्तिशाली र स्वतन्त्र बनाउनमा पृथ्वीनारायण शाहको ठूलो योगदान भएकैले उनीहरुले बडो सुनियोजित रुपमा नेपाल र नेपालीको मौलिकता र विशिष्टतासहितको इतिहास-पुराण, भाषा-भेष, जाति-धर्म, संस्कार-संस्कृति र संघ-संस्था र तिनको पहिचान-स्वाभिमान र स्वत्व-अस्तित्वलाई नै नामेट पार्ने षड्यन्त्र गरिरहेका छन् । यसैअन्तर्गत नेपाल निर्माता पृथ्वीनारायण शाहका नेपाल एकीकरणका दौरानमा भएका कतिपय कमीकमजोरीहरुलाई अतिरन्जित गरेर पृथ्वीनारायण र नेपाल निर्माणमाथि अनावश्यक प्रश्नहरु उठाउँदै उनीहरुले आज हाम्रा दिलदिमाग दुषित गरेर भाँडभैलो मच्चाउने धृष्टता गरिरहेका छन् ।

ऐतिहासिक भौतिकवादी दृष्टिले हेर्दा नेपालको एकीकरण त्यतिबेलाको ऐतिहासिक आवश्यकता थियो र त्यो आवश्यकता पूर्ति कुनै न कुनै सचेत, साहसी र महत्वाकांक्षी व्यक्ति-शक्तिले गर्नै पर्दथ्यो । त्यो काम त्यतिबेला पृथ्वीनारायण शाहले सम्पन्न गरेका हुन् । उनको योजनामा यत्रो ऐतिहासिक कार्यभार पूरा गरिँदा त्यसरी नै केही कमीकमजोरीहरु भए जसरी अन्य देशहरुको निर्माण र विकासमा जस्तै गणतन्त्र नेपाल निर्माणका दौरानमा माओवादी जनयुद्धका क्रममा पनि भएका छन् । यो स्वाभाविक नै हो । तसर्थ, साम्राज्यवादीहरुको सुनियोजित षड्यन्त्र र चालबाजीलाई बुझेर हामी हाम्रो सही र स्वाभिमानी इतिहासलाई विवादास्पद र बदनाम गरेर हामी नेपालीहरुबिचमै द्वन्द्व भड्काउने र त्यही द्वन्द्वका बहानामा साम्राज्यवादी सैन्य हस्तक्षेप नै गर्ने विदेशी गुरुयोजनाबाट मुक्त भै तथ्यबाट सत्य पत्ता लगाउने र सत्य जतिसुकै तीतो भएपनि अन्ततः सबैको हित गर्ने कुरालाई आत्मसात् गरेर अघि बढ्नु पर्दछ !

यसरी हेर्दा पृथ्वीनारायण शाह, नेपाल एकीकरण गर्ने उनको ऐतिहासिक योगदानलाई नेपाल र नेपाली हुनुको नाताले विशेष महत्वका साथ स्मरण र श्रद्धा गर्नु नै तथ्यसंगत, सत्यसम्मत र न्यायसंगत त नै हुन्छ । सँगसँगै नेपाल राष्ट्र र नेपाली राष्ट्रियताको हितसम्मत पनि हुन्छ । इतिहासलाई बंग्याउने, तथ्यलाई बिगार्ने काम गरिनु हुँदैन । यदि हामीले इतिहासलाई न्यायपूर्ण रुपमा मूल्यांकन गर्न सकेनौं भने हाम्रो भविष्य पनि त्यति राम्रो हुँदैन ।

## सामाजिक सञ्जाल




- जुगल भूर्तेल

वर्षौं परदेशमा रहँदा हेपिएको, पेलिएको, संघर्षमा आँसू चुहाएको बेला फर्केर जाने ठाउँ छ भन्ने अनुभूतिले त्राण दिन्थ्यो । पृथ्वी नारायणले हामीलाई त्यो देश दिएका छन् । हामी प्रयास गरौं– देशभित्रका कुनै नेपालीले हेपिनु, पेलिनु र अन्यायमा आँसू चुहाउनु नपरोस् । हाम्रो एकताको सूत्र यही हो ।



- निर्मल प्रसाइँ

राष्ट्र निर्माताप्रति यति संकिर्ण, संकुचित र ससंकित विचार भएपछि लिम्पियाधुरामा विदेशीले सडक बनाउँछन नै, विखण्डनको पोको एमसीसी थोपर्छन नै ! राष्ट्रका महानायकप्रति यसरी अपमान भएको संसारभर कहीँ सुनिएको थिएन, आज सार्वजनिक बिदा दिँदा के नेपाल उल्टिन्थ्यो ? पृथ्वीनारायण शाह अमर रहुन !



- विष्णु पोखरेल

सीसीएमसीको यो कस्तो निर्णय हो – हतासको ! हिजो विभिन्न पार्टीहरूले अधिवेशन गर्दा सीसीएमसीले किन अनुगमन गरेन ? किन उनीहरूलाई भीड गर्नलाई मनाही गर्न सकेन ? स्कुल, कलेज संवेदनशील हो मानिन्छ तर, नेताहरूले झोलेहरू जम्मा गर्दै किन हिडेको छ हाम्रो प्रश्न यहाँ हो ।



- पुरूषोत्तम ढुंगेल

नेपालको एकीकरण पृथ्वी नारायण शाहले नै गरेका हुन्, यसमा दुई मत कसैको नहोला । इतिहास साँक्षी छ । ०४६ को प्रजातन्त्र र ०६२-०६२ को गणतन्त्रमा नेपाली जनताले सहीद भए पनि परिवर्तन ल्याइदिएको भने छिमेकीले नै हो । यसमा पनि कसैको बिमति नहोला । यो कुरा इतिहासमा लेखिने छ र सत्य पनि यही हो ।



- कमल थापा

पृथ्वीजयन्तीको अवसरमा राष्ट्रपतिद्वारा राष्ट्रनिर्माताको शालिकमा माल्यार्पण गरिनु, नेपाली सेनाले सम्मान अर्पण गर्नु प्रशंसनीय छ । यो परम्परा निरन्तर कायम रहोस् । राजा ज्ञानेन्द्रको उपस्थितिले सुनमा सुगन्ध थपेको छ । आमजनताको स्वः स्फूर्त सहभागिता उत्साहजनक रह्यो । प्रमको अनुपस्थिति ठिक लागेन ।

# जेलभित्रको उत्पीडनको सत्यकथा : कारा


## टिप्पणी



● रसुवाली कवि

> राज्यको उच्च निकायमा रहेर कार्कीले जुन सामाजिक प्रतिष्ठा आर्जन गरिन्, त्यो नेपाली समाज जान्दछ । तर, राजनीतिक कैदीको रूपमा उनले खेपेको हैरानी, जेलको उत्पीडन, अभाव, बेचैनी, सकस, निराशा आदि बुझ्न चाहिँ कारा पढ्नैपर्छ । उपन्यास पढ्दै गर्दा म निकै भावुक भएँ । कार्कीले जस्तै मैले पनि हिरासतका चिसा रातहरु काटेको छु, राजनीतिक बन्दीको रुपमा । मैले पटक-पटक टेकु हिरासतको चिसा र सकसमय रातहरु सम्झिएँ । त्यही कारण हुन सक्छ, मैले गाडीमा समेत उपन्यास पढिरहें ।

नेपाली प्रथम महिला प्रधानन्यायाधीश सुशीला कार्कीद्वारा लिखित उपन्यास हो, कारा । जीवनको एक कालखण्डमा राजनीतिक बन्दीको रूपमा जेलभित्रको संसार देखे भोगेकी कार्कीको यस उपन्यासले नेपालको जेल/हिरासतभित्र घटिरहने कहालीलाग्दो तथ्यलाई उजागर गरेको छ । हामी अनुमान लगाउन सक्छौं- यो उपन्यासभित्रका कतिपय प्रसङ्ग कार्कीको नीजि भोगाइ नै हुन् । उनले आफ्नो भनाइमा लेखेकी छिन् - "३० वर्ष अगाडि मैले झ्यालखानामा जस्तो फ़ोहोर, कुपोषण र अभावको वातावरण देखेको थिएँ, त्यसैलाई मैले यस उपन्यास उतार्ने कोसिस गरेको छु ।" यसबाट प्रष्ट हुन्छ यो उपन्यास सत्य घटनामा आधारित छ । सत्यको नजिक रहेर थोरै कल्पना मिसाएर तयार यस उपन्यासको भाषा सरल छ, लेखन शैलीले पाठकले मन छुन्छ । अनेकौं प्रसङ्गहरूले आङ सिरिङ्ग हुन्छ । जेलमा यस्तो पनि हुँदोरहेछ भन्ने स्थितिमा पाठकहरू पुग्छन् । कार्कीको शैली उन्मुक्त छ । सामाजिक यथार्थवादी उपन्यासको सुचीबाट छुटाउनै नहुने नेपाली उपन्यास हो- 'कारा' । नारीहरूको पक्षमा उपन्यास बुलन्द छ । महिलाहरूले जेलमा जे भोग्छन् त्यो नै उपन्यासको मुख्य विषयवस्तु हो ।




राज्यको उच्च निकायमा रहेर कार्कीले जुन सामाजिक प्रतिष्ठा आर्जन गरिन्, त्यो नेपाली समाज जान्दछ । तर, राजनीतिक कैदीको रूपमा उनले खेपेको हैरानी, जेलको उत्पीडन, अभाव, बेचैनी, सकस, निराशा आदि बुझ्न चाहिँ कारा पढ्नैपर्छ । उपन्यास पढ्दै गर्दा म निकै भावुक भएँ । कार्कीले जस्तै मैले पनि हिरासतका चिसा रातहरू काटेको छु, राजनीतिक बन्दीको रुपमा । मैले पटक-पटक टेकु हिरासतको चिसा र सकसमय रातहरू सम्झिएँ । त्यही कारण हुन सक्छ, मैले गाडीमा समेत उपन्यास पढिरहें । उपन्यासले मलाई तानिरह्यो । त्यहाँ मैले कतिपय ठाउँमा आफूलाई पाएँ । मैले झैं हरेक बन्दीले त्यहाँभित्र आफूलाई पाउँछन् ।

एक ठाउँमा कार्की लेख्छिन् - "के कुनै एउटा व्यक्तिको गल्ती वा दोषको कारण यी सबै यस्ता भएका हुन ? पक्कै होइन । यसको पछाडि यो जनतामारा व्यवस्था र यसका नेता भनाउँदाहरू जिम्मेवार छन् । न महिलालाई गतिलो शिक्षा दिइयो न सम्पत्ति । न अवसर नै दिइयो । महिलाहरूलाई सधैं दवाएर राखिएको कारण उनीहरूको यस्तो बिजोग भएको हो ।"

उपन्यासमा यस्ता असहमतिका प्रसङ्ग कयौं भेट्टाउन सकिन्छ । बिराटनगर जेलतिरैको कथा भएकोले होला, धरान आसपासमा लाहुरे संस्कृतिका कारण देखिएको यौन अराजकता र यौनका कारण घट्ने घटनाहरूलाई उपन्यासकारले प्राथमिकता राखेकी छिन् । बूढो लाहुरेसँग प्रेम विवाह गरेर रिसको झोँकमा लाहुरेकै हत्या गरेर जेल परेका महिलाहरूको प्रसङ्ग पनि आउँछ । इसाई धर्म प्रचारक महिलाहरूको बारे पनि उपन्यास बोलेको छ । मधेसी मुलका महिलाहरूलाई जेलभित्र कसरी दमन गरिन्छ, मनछुने गरि लेखकले कथा खिपेकी छिन् । जेलभित्र तराईका महिलाहरूमाथि गरिने अत्याचारविरुद्ध उपन्यासकार कार्की सशक्तरूमा प्रस्तुत भएकी छिन् ।

उपन्यासमा पटक-पटक नाइकीनीको रौद्र रूपलाई प्रस्तुत गरिएको छ । नाइकीनी, जेलर र प्रहरीहरूको अनैतिकता, अराजकता, भ्रष्टाचारको सन्दर्भमा उपन्यास जोड जोडले बोलेको छ । जेलभित्र अवैध यौन धन्दाको प्रसङ्गसमेत छ । व्यवस्था फेरिएपछि पुलिस/प्रशासनका हाकिमहरूले कसरी छेपारोले जसरी रुप फेर्छन् भन्ने कुरालाई पनि उपन्यासमा देखाइएको छ । एकजना पञ्चायत पक्षधर प्रहरीले बहुदल आएपछि फेरिएको व्यवस्थाको पक्षमा नारा लगाउनु यसको उदाहरण हो ।

म पात्रसँग बढी उठबस भएको 'सानू' नामक एकजना पात्र छिन् । उनी राजनीतिक रूपमा बोल्ड पात्र हुन् । उनी एक ठाउँमा भन्छिन् - "आज यो बीसौं शताब्दीको अन्त्यमा आएर हामी न्युनतम स्वतन्त्रता प्राप्तिको निम्ति संघर्षरत छौं । हामी झ्यालखानामा छौं दिदी । तर, यो देशमा को पो झ्यालखानामा छैन ? स्वतन्त्रता नभएको देश नै आफैंमा झ्यालखाना हो । देश त यो पञ्चहरूको मात्र हो, हाम्रो लागी त झ्यालखाना नै हो ।" यसरी महिला पात्रहरूको सघन उपस्थिति गराएर उपन्यासकारले महिलाहरूमाथि न्याय गरेकी छिन् ।

सुशीला कार्कीको न्याय सेवामा ३० वर्ष लामो अनुभव छ । यस अवधिमा उनले हजारौं मानिसहरूको अनुभवहरू पनि सुन्ने अवसर पाएकी छिन् । उपन्यास थप प्रभावकारी बनाउन उनका अनुभवहरूले काम गरेको देखिन्छ । कार्कीले यस उपन्यासमा सरकारी लापरबाहीका कारण परिबन्दमा परेका कैयन् महिलाहरूको दुःख, पीडा र सकसलाई उपन्यासमा जीवन्त ढंगले उतारेकी छिन् । हिजो राजनीतिक बन्दीको रूपमा सुशीला कार्की जेलभित्र जुन बर्बरता देखिन्, भोगिन्, आज पनि त्यो स्थितिमा सुधार आउन सकेको छैन । जेलमा आजपनि उस्तैगरी आहारामा घोटाला हुन्छ । कैदीहरूमाथि नाइके, जेलर र पुलिसहरूले निरंकुशता लादिरहेकै छन् । कुपोषण, अभाव र डिप्रेसन भोग्न वाध्य छन् कैदीहरू ।

जेललाई सुधार गृह भनिन्छ । राज्य चाहन्छ, जेलबाट निस्केपछि बन्दीहरूमा आमूल परिवर्तन होओस् । कैदीको चालचलन बानीबेहोरामा सुधार होस् । उ राष्ट्रको लागी योग्य नागरिक होस् । तर, जेलबाट निस्कने बित्तिकै मानिस किन अर्को अपराध गर्छ ? किनकी जेल वास्तवमा सुधार गृह हुन सकेको छैन । उपन्यासकारले यस उपन्यास लेख्नुको एउटा कारण नेपालको जेल सुधार होस् भन्ने सन्देशको लागी पनि हो । कारामा पुर्वेली भाषाको मिठास भेटिन्छ । पाठकहरूलाई प्रभावित पार्न सक्ने भाषा शैलीको प्रयोग भएको छ । न्याय सेवामा जीवन बिताए पनि कार्कीमा साहित्यिक चेत अब्बल देखिन्छ । नेपालको जेलभित्रको वास्तविक बुझ्न उपन्यास पढ्नैपर्ने हुन्छ ।

# कांग्रेस विपन्न, गरिब र दलित समुदायको पार्टी हो : सभापति पन्थी

**सुमन महतारा/मध्यान्ह**
गुल्मी, २७ पुस

नेपाली कांग्रेस गुल्मीका सभापति खिलध्वज पन्थीले नेपाली कांग्रेस विपन्न, गरिब र दलित समुदायको पार्टी भएको बताएका छन् ।

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

Govt Lic. NO. 647/063/064

**SHARON MANPOWER SERVICES PVT. LTD.**

P.O. Box : 10443, Prayag Marga, Baneshwor-9, Kathmandu
Phone : 4481505, 4481905, 4481957



## कतारमा रोजगार | कम्पनी: LARSEN AND TOUBRO LIMITED (INDIA)
शहर: DOHA

पूर्व स्वीकृत मितिः २०७८/०५/०४ चलानी नं.: ६०१६१७५३ LT. No.: 244245 पून: विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Assistant | 23 | 0 | स. काममा दक्ष | 1000 | ३२,४६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७८ माघ ५ गते (19 January 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

Gov. Lic. No. 796/065/066

**Sufi International Services Pvt. Ltd.**


Sinamangal-9, Manpower Bazaar, Kathmandu, Nepal, Tel No.: +977-1-4469691, 4469692
E-mail: sufiinternationalservice@gmail.com , sufiintlpvt@gmail.com

# विश्वमै पहिलो पटक मानव शरीरमा सुँगुरको मुटु प्रत्यारोपण

**काठमाडौं/एजेन्सी-** अमेरिकाका एक व्यक्तिमा सुँगुरको मुटु प्रत्यारोपण गरिएको छ। सुँगुरको मुटु मानिसमा सफल प्रत्यारोपण गरिएको यो विश्वमै पहिलो हो। बीबीसीका अनुसार बाल्टिमोरका ५७ वर्षीय डेभिड बेनेटमा सुँगुरको मुटु सफलतापूर्वक प्रत्यारोपण गरिएको छ।

युनिभर्सिटी अफ मेरील्याण्ड मेडिकल सेन्टरका अनुसार मुटु प्रत्यारोपण गर्न सात घण्टा समय लागेको थियो। प्रत्यारोपणपछि बेनेट अहिले स्वस्थ रहेको बीबीसीले जनाएको छ। 'यो प्रत्यारोपण बेनेटको जीवन बचाउने अन्तिम उपाय थियो। यद्यपि अब उनी कति लामो समयसम्म बाँच्न सक्छन् भन्ने कुरा भने स्पष्ट भइसकेको छैन,' बीबीसीले लेखेको छ।

अपरेशन गर्नुअघि बेनेटले भनेका थिए- यो प्रत्यारोपण 'बाँच या मर' भनेजस्तै थियो। उनले भनेका छन्, 'मलाई थाहा छ यो अँध्यारोमा तीर



हानेजस्तै हो तर यो अन्तिम मौका थियो।'

यदि बेनेटको यो अपरेशन नगरेको भए उनी मर्ने थिए। त्यसैले युनिभर्सिटी अफ मेरील्याण्ड मेडिकल सेन्टरका डाक्टरहरुलाई अमेरिकाको स्वास्थ्य नियामकले यो काम गर्नका लागि विशेष छुट दिएको थियो। यो प्रत्यारोपण गर्ने मेडिकल टिमले धेरै वर्ष अगाडिदेखि यसबारे अनुसन्धान गरेको थियो।

अहिले मुटु प्रत्यारोपण गरिएका बेनेट भने आफू बाँचिरहन सक्ने आशा व्यक्त गर्छन्। शल्यक्रियाअघि उनी ६ साता ओछ्यानमै उपकरणजडित भएर बसेका थिए।

मुटुमा समस्या देखिएपछि उनलाई जीवित राख्न त्यसो गरिएको थियो। 'निको भएपछि ओछ्यानबाट बाहिरिने अपेक्षामा म छु,' उनले गत बिहीवार भनेका थिए। प्रत्यारोपण सफल भएपछि युनिभर्सिटी अफ मेरील्याण्ड मेडिकल सेन्टरले सर्जन बार्टले पी ग्रिफिथलाई उद्धृत गर्दै भनेको छ- 'यो अपरेशन विश्वमा अंगको संकट समाधानमा एक कदम नजिक ल्याएको छ।'

अमेरिकामा हरेक दिन १७ जना मानिसको प्रत्यारोपणका लागि पर्खिंदापर्खिंदै ज्यान जाने गरेको छ। एक लाखभन्दा बढी मानिसहरु प्रत्यारोपणको पालो कुरिरहेका छन्। यस्तो अवस्थामा जनावरको अंग मानिसमा प्रत्यारोपण (जेनो ट्रान्सप्लान्टेसन) को सम्भावनाबारे धेरै अगाडिदेखि नै अनुसन्धान भइरहेको थियो।

# दिल्लीमा निजी कार्यालयहरु बन्द गर्न आदेश

**काठमाडौं/एजेन्सी-** भारतको राजधानी नयाँ दिल्लीमा कोरोना भाइरसको संक्रमण तीव्र गतिमा बढ्दै गएपछि निजी कार्यालयहरु बन्द गर्न आदेश दिइएको छ। राज्य सरकारले संक्रमण नियन्त्रणका लागि भन्दै सबै निजी कार्यालयहरु बन्द गर्न आदेश दिएको भारतीय सञ्चारमाध्यमले जनाएका छन्। आकस्मिक सेवाका लागि मात्रै निजी कार्यालय खुला हुने छन्। तर छुटको सूचिमा रहेका निजी कार्यालयहरु भने खुला रहने छन्। निजी कार्यालयका कर्मचारीहरुलाई घरबाटै काम गर्ने व्यवस्था मिलाउन भनिएको छ।




यस्तै दिल्लीका सबै रेस्टुरेन्ट तथा बार पनि बन्द रहने छन्। दिल्लीमा सोमबार १९ हजार जनामा कोरोना भाइरसको संक्रमण पुष्टि भएको थियो। भारतभर सोमाबार कुल एक लाख ६८ हजारजनामा संक्रमण पुष्टि भएको हो।

यसैबीच कोरोना भाइरसको संक्रमण लगातार बढ्दो क्रममा रहँदा हरिद्वारमा यो वर्ष माघे संक्रान्तिमा हुने स्नानमा प्रतिबन्ध लगाइएको छ। उत्तराखण्डको हरिद्वार जिल्ला प्रशासनले १४ जनवरीमा हुने मकर स्नानमा प्रतिबन्ध लगाएको भारतीय सञ्चारमाध्यमले जनाएका छन्। जिल्लामा बाहिरबाट आउने व्यक्तिको प्रवेश निशेध गरिएको छ।

भारतमा कोरोना भाइरसबाट पछिल्लो एक दिनमा थप एक लाख ६८ हजार ६३ जना नयाँ संक्रमित भएका छन्। यो संख्या अघिल्लो दिनको तुलनामा ११ हजार ६६० ले कम भएको केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले मङ्गलबार जनाएको छ।

सोमबार सार्वजनिक गरिएको विवरणमा पछिल्लो २४ घण्टामा भारतमा एक लाख ७९ हजार ७२३ जना संक्रमित भएको उल्लेख गरिएको थियो। मन्त्रालयका अनुसार थपिएका नयाँ संक्रमितहरु मध्ये चार हजार ४६१ जना कोरोनाभाइरसको नयाँ भेरियन्टको रुपमा रहेको ओमिक्रोन भाइरसबाट संक्रमित भएका छन्।

भारतमा अहिले आठ लाख २१ हजार ४४६ जना संक्रमित अवस्थामै रहेको पनि मन्त्रालयले जनाएको छ। मन्त्रालयका अनुसार दैनिक नयाँ संक्रमितहरुको संख्या १०.६४ प्रतिशतले बृद्धि हुँदै गएको छ। पछिल्लो एक दिनमा भारतमा कोरोनाभाइरसबाट संक्रमित भएर पनि संक्रमणमुक्त भएकाहरुको संख्या ६९ हजार ९५९ रहेको छ। योसँगै कुल संक्रमणमुक्त भएकाहरुको संख्या भने तीन करोड ४५ लाख ७० हजार १३१ रहेको छ।

# उत्तर कोरियाद्वारा पुनः क्षेप्यास्त्र प्रहार



**काठमाडौं/एजेन्सी-** उत्तर कोरियाले मंगलबार पनि पुनः एक अज्ञात क्षेप्यास्त्र प्रहार गरेको बताइएको छ। उत्तर कोरियाले समुद्रतर्फ सो क्षेप्यास्त्र प्रक्षेपण गरेको दक्षिण कोरियाले जनाएको छ। दक्षिण कोरियाका ज्वाइन्ट चिफ अफ स्टाफले मंगलबार बिहान सो दाबी गरेका छन्। उनले पूर्वी समुद्रतर्फ सो क्षेप्यास्त्र प्रक्षेपण गरेको बताएका हुन्।

यो प्रक्षेपण ब्यालिस्टिक मिसाइल हुन सक्ने बताइएको छ। जापानिज कोस्ट गार्ड (जेसीएस) ले यो क्षेप्यास्त्र मिसाइल हुन सक्ने बताएका हुन्। यसबारेमा अझै पनि यकिन भने हुन सकेको छैन। उत्तर कोरियाले गरेको यस क्षेप्यास्त्रको बारेमा दक्षिण कोरिया र जापानले आवश्यक अनुसन्धान थालेका बताएका छन्।

संयुक्त राष्ट्रसंघले उत्तर कोरियालाई ब्यालेस्टिक मिसाइल प्रक्षेपणमा प्रतिबन्ध लगाएको छ। मंगलबारको यस प्रक्षेपणका बारेमा दक्षिण कोरिया र अमेरिकी गुप्तचरहरूले अनुसन्धान गरिरहेका बताइएको छ। उत्तर कोरियाले छ दिनमात्र अघि पनि त्यहाँ यस्तै प्रकारको क्षेप्यास्त्र हानेको थियो। यसै हप्ता उत्तर कोरियाले दुई वटा क्षेप्यास्त्र हानेको छ।

यसैबीच जापानी प्रधानमन्त्री फुमियो किशिदाले मङ्गलबार उत्तर कोरियाले गरेको क्षेप्यास्त्र प्रक्षेपणप्रति गहिरो दुःख व्यक्त गर्दै कुनै पनि प्रकारको घटनाका लागि विमान र जहाजको सुरक्षा सुनिश्चित गर्न आफ्ना अधिकारीहरूलाई निर्देशन दिएका छन्।

प्रधानमन्त्री किशिदाले जापानले आफ्नो सतर्कता र निगरानीलाई तीव्रता दिइरहेको र जानकारी संकलन र विश्लेषण गर्न थप सक्दो प्रयास गर्न सरकारी अधिकारीहरूलाई निर्देशन दिइएको पनि बताएका छन्। उनले ती सूचना जनतालाई छिटो र सही रूपमा उपलब्ध गराउन आफूले भनेको पनि उल्लेख गरेका छन्।

प्रधानमन्त्रीले अधिकारीहरूलाई विमान र जहाजहरूको सुरक्षा सुनिश्चित गर्न र कुनै पनि प्रकारको कार्यक्रमको लागि तयारी गर्न सबै सम्भावित उपायहरू लिन निर्देशन दिएको एनएचके न्यूजलाइनले जनाएको छ।

# बंगलादेशमा कोभिडबाट बच्न नयाँ निर्देशन जारी

**काठमाडौं/एजेन्सी-** बंगलादेशमा पछिल्ला केही हप्तामा कोभिड १९ को संक्रमण बढेपछि यसबाट बच्नका लागि नयाँ निर्देशन जारी गरिएको छ। ती ११ बुँदे निर्देशन जारी गरिएको र पालना नगर्ने नागरिकलाई कानुनी कारबाही गरिने बताइएको छ। यी निर्देशनहरु मास्कको प्रयोग गर्नेदेखि सार्वजनिक स्थलमा जम्मा हुन नपाइनेसम्मका रहेका छन्। त्यहाँ सार्वजकि स्थलमा जम्मा हुँदा तथा पसल, मलहरुमा उपस्थित हुँदा मास्क अनिवार्य गरिएको छ।

मास्क नलगाई कुनै व्यक्ति सार्वजनिक स्थलमा गएको पाइएमा उसलाई कानुनी कारबाही गरिने छ। त्यस्तै सभा समारोहहरु बन्द गरिएको छ भने रेल तथा सार्वजनिक यातायात सेवाले उसको क्षमताको आधामात्र यात्रु राखेर सञ्चालन गर्नुपर्ने प्रावधान राखिएको छ।

त्यस्तै होटल, रेष्टुरेन्टहरु रातिसम्म खोल्न नपाइने र उनीहरुले यात्रुलाई सेवा दिँदा आधामात्र क्षमताका नागरिकलाई मात्र दिन सकिने बनाइएको छ।

# अफगानिस्तानमाथिका प्रतिबन्धहरु फुकुवा गर्न आग्रह



**काठमाडौं/एजेन्सी-** चीनले अमेरिकाद्वारा अफगानिस्तानमाथि लगाइएका नाकाबन्दी एवं विभिन्न प्रकारका प्रतिबन्धहरु फुकुवा गर्न आग्रह गरेको छ। चीनको विदेश मन्त्रालयले सोमबार सो आग्रह गरेको हो। अमेरिकाले पछिल्लो समयमा अफगानिस्तानमा तालिबान सत्ता आएपछि विभिन्न नाकाबन्दी लगाएको छ।

हाल अफगानिस्तान निकै अप्ठेरो अवस्थामा रहेको, त्यहाँ हिमपात तथा चिसोका कारण अफगान नागरिकहरु निकै अप्ठेरोमा परेको र मानवीय सहायताको पनि खाँचो परिरहेकाले अमेरिकालाई सो नाकाबन्दी फिर्ता गर्न आग्रह गरेको हो।

चिनियाँ विदेश मन्त्रालयका प्रवक्ता वाङ वेनबिनले सो आग्रह गरेका हुन्। मन्त्रालयको नियमित पत्रकार सम्मेलनका क्रममा सोमबार चिनियाँ विदेश मन्त्रालयमा आयोजना गरिएको पत्रकार सम्मेलनमा उनले सो आग्रह गरेका हुन्।

# रुसको नेतृत्वमा सेनाले दुई दिनभित्र कजाकिस्तान छोड्ने

**काठमाडौं/एजेन्सी-** रुसको नेतृत्वमा सेनाको एक टुकडी दुई दिनभित्र समस्याग्रस्त मध्य एसियाली देशबाट बाहिरिन कजाकिस्तानका राष्ट्रपति कासिम-जोमार्ट तोकायेभले मङ्गलबार बताएका छन्। 'सिएसटिओ शान्ति सेनाको मुख्य मिसन सफलतापूर्वक सम्पन्न भएको छ,' तोकायेभले सामूहिक सुरक्षा सन्धि संगठनका सेनाहरूलाई उल्लेख गर्दै भनेका छन्। दुई दिनमा सिएसटिओ संयुक्त शान्ति सेनाको दस्ताको चरणबद्ध फिर्ता सुरु हुनेछ।

उनको सरकार र संसदलाई भिडियो कन्फरेन्स कल लाइभ प्रसारणमा सम्बोधन गर्दै दल फिर्ताको प्रक्रिया १० दिन भन्दा बढी नलाग्ने बताएका छन्। दुई हजार भन्दा बढी सेना सिएसटिओ मिशनका क्रममा गत हप्ता संकटको चरम सीमामा पठाइएको थियो। सरकारी विपक्षीहरू र सुरक्षा बलहरू बीचको सशस्त्र झडप र सबैभन्दा ठूलो सहर अल्माटीको भागहरू लगभग अपरिचित रूपमा लुटपाटको चपेटामा परेपछि सो कदम उठाइएको हो।

कजाकस्तानले गत हप्ता पेट्रोलको मूल्य वृद्धिको विरुद्धमा भएको प्रदर्शनको कारण अशान्ति भएको थियो। यस विरोध प्रदर्शनको क्रममा दर्जनौंको मृत्यु भएको थियो। तोकायेभका गुरु, संस्थापक अध्यक्ष नुरसुल्तान नाजरबायेभ, संकट सुरुभएदेखि नै सार्वजनिक रूपमा देखा परेका छैनन्, नाजरबायेभका सहयोगीले ८१ वर्षीय बलिया व्यक्ति राजधानी नुर-सुल्तानमा रहेको र तोकायेभसँग वार्तामा रहेको दाबी गरेका छन्।


**Invitation for Bids**

## Gauriganga Municipality
## Office of Municipal Executive

**Sudurpaschim Pradesh, Nepal**

### Invitation for Bids for the Construction of Civil Works under NCB

**First Date of publication: 2022/01/12(28th Paush 2078)**

1. **The Office of Municipal Executive**, ***Gauriganga Municipality, Chaumala, Kailali*** invites electronic bids from Nepalese eligible bidders for the construction of various civil works as mentioned in the table under NCB procedures.
**Followings:**

| SN | Contract ID | Name of Project | Estimated cost With Vat, PS and contingency | Bid Security Amount (dharauti) | Cost of Bid Document (rajaswa) |
|---|---|---|---|---|---|
| 1 | GGM/WORKS/ NCB/ 15/2078/79 | Sankarpur Bankhet Sadak Kalopatre | 69,99,367.13 NRS | 1,75,000/-NRS | 3000/- NRS |
| 2 | GGM/WORKS/ NCB/ 18/2078/79 | Likma Chowk Dekhi Kamda Samma Sadak Kalopatre | 40,39,970.07 NRS | 105,000/-NRS | 3000/- NRS |
| 3 | GGM/WORKS/ NCB/ 19/2078/79 | Mahadeva Chowk Dekhi Gulaniya Bhasna Sadak kalopatre | 59,99,530.84 NRS | 1,50,000/-NRS | 3000/- NRS |
| 4 | GGM/WORKS/ NCB/ 20/2078/79 | Chaumala Bhada Kulo Tatbandhan Ward 2 Udashi | 34,97,772.56 NRS | 88,000/-NRS | 3000/- NRS |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of **The Office of Municipal Executive**, ***Gauriganga Municipality, Chaumala, Kailali*** ,Tel No. 091-418060, Email: info.gaurigangamun@gmail.com or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Bidder should download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np./egp,. Bidders, submitting their bid electronically, should deposit nonrefundable fee of **NRS 3000** under NCB as mentioned in the table for respective BID in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank: Hard copy for e-bid submission should be submitted to the office within 7 days of bid opening.
Name of the Bank: **NIC ASIA BANK, Chaumala, Kailali**
Name of Office: **Gauriganga Municiality**
Office Account no Rajaswa khata .: **071-20500-2806-2002**
Office Account no Dhaurati khata .: **71CA500982524004**
4. Bidders are advised to visit actual site before submitting their bids. Bidders must submit along with their bids Firm/Company Registration Certificate, Business Registration Certificate (License), PAN/VAT Registration Certificate, Tax Clearance Certificate/ Extension Letter/ Tax return submission evidence for the F/Y ***[2077/78]***, Power of Attorney, self decleration letter and Letter of Bid.
5. Electronic bids must be submitted through PPMO website www.bolpatra.gov.np/egp on or before ***12 HOURS*** on **2022/02/11(28th Magh 2078).** Bids received after this deadline will be rejected. Hard copy will not be acceptable.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at ***1 pm,*** on **2022/02/11(28thMagh 2078)** at the **The Office of Municipal Executive**, ***Gauriganga Municipality, Chaumala, Kailali***.
7. Bids under ***NCB*** must be valid for a period of ***90 days*** after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of as mentioned above which shall be valid for 30 days beyond the validity period of the bid i.e.120 days.
8. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
9. The information not mentioned here to make the notice short shall be according to PPA 2063 and PPR 2064.

**Chief Administrative Officer**

# बक्स अफिस समाचार

## 'किड्स अफ द इयर इन्टरनेशनल'मा ४ विजेता




**काठमाडौं/मस–** एकै स्टेजमा ४ विजेता छानिएका छन् । धुलिखेल स्थित आगन्तुक रिसोटमा शनिबार अबेर साँझ सम्पन्न 'किड्स अफ द इयर इन्टरनेशनल'को तेस्रो संस्करणमा जुनियर र सिनियर गरेर एकसाथ ४ विजेता घोषणा गरिएको हो ।

प्रतियोगितामा 'किड्स अफ द इयर इन्टरनेशनल' जुनियर केटा तर्फ राजय बादे विजेता बने । यही प्रतियोगिता तर्फको फष्ट रनरअप आशुतोष सापकोटा चुनिँदा सेकेन्ड रनर अफ रुवेन्द्र पसछैं भए ।

त्यस्तै 'किड्स अफ द इयर इन्टरनेशनल' जुनियर केटी तर्फ सराहाना शाक्यले शिर्ष उपाधि चुमिन् । यहि प्रतियोगितामा रुविना नापित फष्ट रनरअफ र श्याफरोन प्रजापती सेकेन्ड रनरअप भए ।

यस्तै 'किड्स अफ द इयर इन्टरनेशनल' सिनियर केटा तर्फको बिर्ष उपाधि श्रमन शाक्यले हात पारे । यहि प्रतियोगितामा फष्ट रनरअप आदीत्य सापकोटा र सेकेण्ड रनरअफ आदीत्य कार्की भए ।

सोही अवसरमा 'किड्स अफ द इयर इन्टरनेशनल' सिनियर केटी तर्फ पुर्वीशा श्रेष्ठ विजेता घोषित भइन् । यहि प्रतियोगितामा याशना श्रेष्ठ र आर्या मानन्धर क्रमश फष्ट रनर अप र सेकेन्ड रनरअप छानिए ।

रेडियन्ट इभेन्ट म्यानेजमेन्ट एजेन्सीले आयोजना गरेको प्रतियोगिताको फाइनल स्पर्धामा रेखा शाह (गायिका), सुशिल श्रेष्ठ (अभिनेता), रेश्मा श्रेष्ठ (फेसन डिजाइनर), मनिषा डंगोल श्रेष्ठ (निर्देशक लण्डन फेसन हाउस, उद्धव बहादुर खड्का (प्रमुख हव इन्टरनेशनल इजुकेसन) निर्णायक रहेका थिए ।

बालबालिकाको प्रतिभा निखार्दै उनीहरुलाई भविष्य निर्माणमा सक्षम बनाउने उद्देश्यले प्रतियोगिता आयोजना गरिएको आयोजक रेडियन्ट इभेन्ट म्यानेजमेन्टका प्रबन्ध निर्देशक तथा अन्तर्राष्ट्रिय मोडल, कोरियोग्राफर राज फैजुले बताए ।

७ वर्षदेखि १३ वर्षसम्मका विद्यालय अध्ययनरत बालबालिकाको सहभागिता रहेको प्रतियोगिताका प्रतियोगीको कोरियोग्राफी राज फैजुकै गरेका थिए भने श्रीषा बैदार फैजुले प्रतियोगीको ड्रेस डिजाइन गरेकी थिइन् ।

शीर्ष सहित विभिन्न उप-विजेता समेत छानिएको प्रतियोगिताको मुख्य प्रयोजक इमामी इन्डिया लिमिटेड र सहयोगी झण्डु च्यावन प्रास रहेको छ । प्रयोजकले सहभागी सबैलाई उपहार समेत बाडेको प्रतियोगिताका शीर्ष विजेताले विभिन्न गिफ्ट र अवसर उपहारका रुपमा प्राप्त गरेका छन् ।

## उत्कृष्ट जुरी सम्मान शाहलाई



**काठमाडौं/मस–** पृथ्वी जयन्तीको अवसर पारेर वमन इरा मेडिया ग्रुपले राजधानीमा आयोजना गरेको 'दोश्रो हिमालयन इन्टरनेशनल अवार्ड २०२२' बाट बरिष्ठ सौन्दर्यविद् गीता शाह जुरी अवार्डबाट सम्मानित भएकी छन् । कार्यक्रममा कला, साहित्यसँग सम्बन्धित विभिन्न विधामा अन्य व्यक्तित्वहरु पुरस्कृत भएका थिए भने रंगपत्रकारिता तर्फ तुलसी गिरी, विष्णु सुवेदी र लक्ष्मण सुवेदी सम्मानित भएका थिए ।

उक्त कार्यक्रमकी निर्णायक मध्येकी सौन्दर्य कलाको क्षेत्रमा छुट्टै पहिचान बनाउन सफल गीता शाह उत्कृष्ट निर्णायकको सम्मानबाट सम्मानित भएका हुन् । आफ्नो बौधिक क्षमता प्रयोग गरी निष्पक्ष निर्णय गरेको ठहर गर्दै निर्णायक मण्डलमध्येकी सौन्दर्यविद् गीता शाहलाई आयोजक संस्थाले उत्कृष्ट निर्णायकको सम्मानबाट सम्मानित गरेको हो । कार्यक्रम महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्री उमा रेग्मीको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो ।


**धुनीवेशी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**वाग्मति प्रदेश, नेपाल**

**दरभाउपत्र स्वीकृत गर्ने आशयको सुचना**

**(सुचना प्रकाशित मितिः २०७८/०९/२८)**

यस धूनीवेशी नगरकार्यापालिकावाट विभिन्न स्वस्थ्य केन्द्रहरुमा Medicine खरिद गरी सप्लाई गर्नका लागि मिति २०७८/०९/०४ गते मध्यान्न दैनिक पत्रिकामा प्रथम प्रकाशित दरभाउपत्रको आह्वान सम्वन्धी सुचना अनूसार E–Bidding मार्फत पेश हून आएका तपसिल वमोजिमका दरभाउपत्रदाताको दरभाउपत्र स्वीकृत गर्न मुल्यांकन समितिवाट सिफारिस भई आएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) वमोजिम सम्वन्धित सवै दरभाउपत्रदाताहरुको जानकारीको लागि सुचना प्रकाशन गरिएको छ ।

| सि.न. | ठेक्का नं. | कामको विवरण | दरभाउपत्रदाताको नाम र ठेगाना | कवोल अंक भ्याट वाहेक रु. |
|---|---|---|---|---|
| १. | १५/Medicine/ DM /०७८/०७९ | Supply and Delivery of Medicine | Sohan Medi Health Pvt. Ltd. Bhaktapur | ७,९५,०४५।३० |


## 'डान्स बाँके डान्स'को उपाधि सुविन तामाङलाई




**पवन जयसवाल/मध्यान्ह**
नेपालगञ्ज (बाँके), २७ पुस

'डान्स बाँके डान्स'को उपाधि सुविन तामाङले जितेका छन् । फाइनलमा १७ जना प्रतिस्पर्धीलाई पछि पार्दै तामाङले उपाधि जितेका हुन् । उपाधि विजेता तामाङले नगद ५० हजार रुपैयाँ र प्रमाण-पत्र प्राप्त गरे । डान्स बाँके डान्सको ग्र्यान्ड फिनाले मेरो प्लानेट नेपालगञ्जमा भएको थियो ।

त्यस्तै अर्जुन तिवारी उपविजेता बन्न सफल भए । तिवारीले नगद २५ हजार रुपैयाँ प्राप्त गरे । रोयल डान्स प्रालिको आयोजनामा बाँके, बर्दिया, दाङ र कैलालीको विभिन्न शहरहरुमा भएको अडिसनबाट छनोट भएर फाइनलमा प्रवेश गरेका १७ जनाबीच प्रतिस्पर्धा भएको थियो ।

प्रतियोगितामा चर्चित डान्सर प्रदिप लामा निणार्यकको रुपमा रहेका थिए । कार्यक्रमको उद्घोषक संचारकर्मी तथा शिक्षक रवि बस्नेतले गरेका थिए भने उनलाई मिडियाकर्मी प्रेरणा गिरी र हृदेश आचार्यले साथ दिएका थिए । कार्यक्रममा रोयल डान्स एकेडेमीको शो प्रस्तुति रहेको थियो भने साथमा चर्चित गायकद्वय प्रमोद डिजी र महेन्द्र सेडाईले आफ्नो प्रस्तुति दिएर दर्शकहरुलाई मनोरञ्जन दिएका थिए ।

प्रतियोगितालाई सके जति आफूले राम्रो बनाउन खोजेको र त्यसमा सोचे अनुरुप आफूहरु सफल भएको प्रबन्ध निर्देशक भरत शाही र रोयल डान्स प्रालिका प्रमुख रोहित थापाले बताए ।


"स्वास्थ्य, कृषि, पर्यटन, संस्कृति र पूर्वाधार : आत्मनिर्भर, समुन्नत र समृद्ध भंगहा निर्माणको आधार"

**स्थानीय सरकार**
**भंगहा नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**भंगहा, महोत्तरी**

**शिलबन्दी दरभाउ पत्र आह्वान**

**प्रथम पटक प्रकाशित मिति : २०७८/०९/२८**
**शिलबन्दी दरभाउपत्र नं. १/०७८/०७९**

यस नगरपालिका भित्रका स्वास्थ्य संस्थाहरुका लागि निःशुल्क स्वास्थ्य सेवा कार्यक्रम अन्तर्गत आवश्यक औषधी तथा सर्जिकल समान खरिद गर्नुपर्ने भएकाले इच्छुक नेपाली नागरिक व्यक्ति वा फर्मबाट शिलबन्दी दरभाउ पत्र १५ दिनभित्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ । दरभाउ पत्र सम्बन्धि शर्त तथा अन्य जानकारीका लागि यस कार्यालयको website: bhagahamun.gov.np मा हेर्न सकिने छ ।

**प्रमुख प्रशासकीय अधिकृत**



**Gurans Rural Municipality**
**Office of the Rural Municipal Executive**
**Ranimatta, Dailekh**
**Karnali Province**

**INVITATION FOR BID**

**Date of First Publication: 2078/09/28 B.S.**

1. The Gurans Rural Municipality invites electronic Bids from Nepalese eligible registered bidders/contractors for the construction of following projects.
2. The Estimated amount (Excluding VAT and Contingencies) for the works is mentioned in the below table.
3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Gurans Rural Municipality, Ranimatta-Dailekh, Mobile No. 9858020144/9851321750 and may visit RMP website www.guransmun.gov.np. or www.bolpatra.gov.np/egp
4. A complete set of Bidding documents should be purchased by downloading for e-submission from PPMO's website www.bolpatra.gov.np/egp . Bidders Submit their bid electronically, should deposite the payment of a non- refundable fee of Rs 3000 of bidding document in the Projects' Office'sAantarikRajashwa account as specified below and scanned copy(pdf format) of the Bank Deposite voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to the deposite the cost of bidding document in Bank.

**Name of the Bank** : **Prabhu Bank, Gurans Branch, Dailekh**
**Name of Office/Account** : **Gurans Rural Municipality, Dailekh**
**AantarikRajashwa Account No.** : **1550109299100081**

5. Pre- bid meeting shall be held at Gurans Rural Municipality, Ranimatta, Dailekh at 1:00 Pm 2078/10/18BS.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at1:00 PM 2078/10/28B.S. at the Gurans Rural Municipality, Office of Rural Municipal Executive,Ranimatta, Dailekh.Bid must valid for 90 days after bid opening and must be accompanied by a scanned copy of bid security in pdf format, amounting to a minimum of specified as below in the table, which shall be valid for 30 days beyond the validity period of the bid in deposited in Dharauti A/C No.**1550109299100071** of Prabhu Bank Dailekh or Bid bond in the form of bank guarantee issued by the bank recognized by GON as a "A" class commercial bank.
7. If the last date of purchasing and/ submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. Other rules should be as per public procurement act, 2063 and public procurement regulations, 2064

**Detail of Projects**

| S.N. | Bid No. | Name of the Project | Estimated Amount Excluding Vat (NRs.) | Form Fee (NRs.) | Bid Security Amount (NRs.) | Last date & Time for Submission | Bid Document / Sealed Quotation Opening Date | Bid Document Opening Location |
|---|---|---|---|---|---|---|---|---|
| 1. | NCB/GRM/ 02GACBCW/ 2078/079 | GuransAgriculture Campus Building Construction Works | 11326667.36 | 3000 | 2,83,000 | 2078/10/28 upto 12:00 PM | 2078/10/28 1:00 PM | Gurans Rural Municipality, Ranimatta, Dailekh |

**Chief Administrative Officer**

# एपीएफ र पुलिसको लगातार जीत

**मध्यान्ह संवाददाता**
काठमाडौं, २८ पुस




प्रधानमन्त्री कप टी २० क्रिकेट प्रतियोगितामा विभागीय क्लब एपीएफले लगातार दोस्रो जित दर्ता गरेको छ। पहिलो खेलमा सोमबार प्रदेश २ लाई पराजित गरेको एपीएफले मंगलबार बागमती प्रदेशलाई ७ विकेटले पराजित गर्दै समूह बी मा शीर्ष स्थानमा रहेको छ।

१२६ रनको लक्ष्य पछ्याएको एपीएफलाई जिताउन लोकेश बमले आक्रामक पारि खेलेका थिए। तेस्रो नम्बरमा आएर लोकेशले २४ बलमा १० चौका र १ छक्कासहित ५० रनको अर्धशतकीय पारी खेलेपछि एपीएफले १२६ रनको लक्ष्य १८.४ ओभरमा पुरा गरेको थियो।

एपीएफका लागि प्रदीप ऐरीले आउट नभई ३६ रनको योगदान गर्दा सन्दीप जोरा पनि १५ रनमा नटआउट रहे। टस जितेर पहिला ब्याटिङ गरेको बागमतीले निर्धारित ओभरमा ८ विकेट गुमाएर १२५ रन जोडेको थियो। उसका लागि इशान पाण्डेले २९ रन बनाउँदा नन्दन यादबले २४ रन बनाएका थिए। यसैगरी सुवास खकुरेलले २१ रनको योगदान गरेका थिए। एपीएफका अविनाश बोहोराले ४ विकेट लिएका थिए।

त्यसअघि टस हारेर पहिलो ब्याटिङ गरेको आर्मीले १९.५ ओभरमा अलआउट हुँदै १३७ रन बनाएको थियो। आर्मीका लागि ओपनिङ गरेका सोमपाल कामीले ३५ बलमा ४२ रनको योगदान गर्दा कप्तान विनोद भण्डारीले ३६ बलमा ४४ रन बनाए। त्यस्तै हरि चौहान, कुशल मल्ल र शुसन भारीले समान १२-१२ रनको योगदान दिएका थिए। पुलिसका लागि करण केसीले ४ विकेट लिंदा गुल्सन झा र योगेन्द्र सिंह कार्कीले समान २-२ विकेट लिए। आरिफ शेख र दीपेन्द्र सिंह ऐरीको नाममा १-१ विकेट रह्यो। प्रतियोगिता अन्तर्गत मंगलबार नै टियू क्रिकेट मैदान कीर्तिपुरमा विभागीय क्लब नेपाल पुलिसले त्रिभुवन आर्मीमाथि ४ विकेटको जीत दर्ता गरेको छ। पुलिसको लगातार दोस्रो जित हो भने आर्मीले पहिलो हार व्यहोरेको छ। पुलिस समूह एको शीर्ष स्थानमा रहेको छ।

आर्मीले दिएको १३८ रनको विजयी लक्ष्य पुलिसले १८ ओभरमा ६ विकेट गुमाएर पुरा गरेको थियो। ओपन कुशल भुर्तेलले २२ बलमा ३५ रनको योगदान गर्दा अनिल साहले २२ रन बनाउँदा दिलिप नाथले २५ रनमा नटआउट रहेर खेल जिताए।

त्यस्तै रसिद खानले २८ रनको सानदार पारि खेले। आर्मीका सहाव आलमले ३ विकेट लिए।

मंगलबार मुलपानी क्रिकेट मैदानमा भएको खेलमा कर्णाली प्रदेशले प्रदेश नम्बर १ लाई ३१ रनले पराजित गरेको छ। टस हारेर पहिलो ब्याटिङ गरेको कर्णालीले प्रदेश एक सामु १ सय २१ रनको सामान्य लक्ष्य प्रस्तुत गरेको थियो। तर खराव प्रदर्शनको सिकार भएको प्रदेश एक १७.५ ओभरमा ८९ रनमा अलआउट भयो।

प्रदेश एकका कुनैपनि खेलाडीले सम्झनलायक प्रदर्शन गर्न सकेनन्। ३३ रन जोड्दा ७ विकेट गुमाएको प्रदेश एकका लागि पछिल्लो क्रममा रहेका फिर्दोस अन्सारीले २३ रन बनाएका थिए। त्यस्तै दीपेश कडेल र श्रवन यादवले समान १५-१५ रनको योगदान गरे। सिद्वान्त लोहोनीले १४ रन जोडेका थिए। प्रदेश एकलाई सस्तैमा समेट्ने क्रममा अनुज चनराले सर्वाधिक ४ विकेट लिए। त्यस्तै दिवन पुनले २ विकेट लिंदा दिनेश अधिकारी, प्रकाश जैशी र अनुप कुँवरको नाममा १-१ विकेट रह्यो।


टस हारेर ब्याटिङ गरेको कर्णालीले निर्धारित २० ओभरमा ७ विकेट गुमाएर १२० रन बनाएको थियो। रविन्द्र शाहीले ३६ रन बनाउँदा प्रकाश जैशीले २५ रन बनाए। त्यस्तै राज शाहले १५ रन जोड्दा विपिन रावलले ११ रन बनाए। प्रदेश एकका लागि मुकुन्द यादवले ३ विकेट लिंदा फिर्दोस अन्सारीले २ विकेट लिए।

यस्तै, मंगलबार नै भएको अर्को खेलमा प्रदेश २ ले गण्डकी प्रदेशमाथि २ विकेटको जित हासिल गरेको छ। मूलपानी मैदानमा गण्डकीले दिएको ११७ रनको लक्ष्य प्रदेश २ ले १८.१ ओभरमा ७ विकेट गुमाएर भेट्टायो। प्रदेश २ का लागि कप्तान हसिम अन्सारीले २६ तथा ओपनर सन्तोष कार्कीले २३ रन जोडे।

प्रदेश २ ले २४ अतिरिक्त रन पाएको थियो। यसअघि टस जितेर पहिलो ब्याटिङ गरेको गण्डकीले निर्धारित ओभरमा ७ विकेट गुमाएर ११६ रनको योगफल खडा गरेको थियो। गण्डकीका लागि ओपनर अर्जुन कुमालले ४१ रन बनाएका थिए भने सन्दीप क्षेत्रीले २७ रन जोडेका थिए।

समूह बी अन्तर्गतको आफ्नो पहिलो खेलमा एपीएफसँग २४ रनले हारेको प्रदेश २ ले पहिलो जित हासिल गरेको हो।

# गणेशले राखे राष्ट्रिय किर्तिमान




**काठमाडौं/मस**–नेपाल प्रहरीका गणेश रानाभाटले २४ औं पुरुष तथा ९ औं महिला राष्ट्रिय भारोत्तोलन प्रतियोगितामा राष्ट्रिय किर्तिमान राख्न सफल भएका छन्। सिनियर पुरुष ५५ केजी तौल समूहमा रानाभाटले क्लिन एण्ड जर्कमा १०१ केजी भार बहन गर्दै किर्तिमान कायम गरेका हुन्। उनले सेनाका तुलाराम महतोले आजै कायम गरेको १०० केजीको किर्तिमानलाई भंग गर्दै किर्तिमानमा आफ्नो नाम लेखाएका हुन्। महतोले आफ्नो नाममा काठमाण्डौमा आयोजना भएको तेश्रो सुनिललाल जोशी स्मृती भारोत्तोलन प्रतियोगितामा राखेको ९८ केजी तौलको किर्तिमानमा सुधार गर्दै १०० केजीको नयाँ किर्तिमान कायम गरेका थिए। लगतै महातोको किर्तिमानलाई रानाभाटले १०१ केजीका साथ तोड्दै किर्तिमानमा आफ्नो नाम लेखाएका हुन्।

ठिमीस्थित पार्टि प्यालेसमा भएको प्रतियोगिताको समग्रमा भने उनी तेश्रो स्थानमा रहे। पहिलो स्थानमा सेनाका तुलााराममै रहे। उनले स्न्याचमा ८३ केजी, क्लिनमा १०० गरि समग्रमा १८३ केजी भार बहन गरे। यस्तै दोश्रो स्थानमा गणेश रहे। उनले स्न्याचमा ७२ केजी, क्लिनमा १०१ केजी गरि समग्रमा १७३ केजी भार बहन गरे। तेश्रो स्थानमा बर्दियाका रमकुमार थारु रहे। उनले स्न्याचमा ६५ र क्लिनमा ९० केजी गरि कुलमा १५५ केजी भार बहन गरे।

नेपाल भारोत्तोलन संघको आयोजनामा भएको प्रतियोगिताको सोहि उमेर समूह अन्तरगत युथ तर्फ पर्शाका राजन पटेलले स्न्याचमा ४२, क्लिन एण्ड जर्कमा ६० केजी गरि कुलमा १०२ केजीका साथ स्सवर्ण हात पारे। यस तौल समूहमा युथमा प्रतिस्पर्धा गर्ने उनी एक्ला खेलाडी थिए।

यस्तै जुनियर तर्फ बाँकेका विनित योगी थारुले स्वर्ण जिते। उनले स्न्याचमा ७० केजी, क्लिनमा ९० केजीका साथ कुलमा १६० केजी भारका साथ स्वर्ण हात पारका हुन्। दोश्रो स्थानमा रहेका पर्शाका धिरज गुप्ताले स्न्याचमा ६५ केजी, क्लिनमा ८० केजीका साथ कुलमा १४५ केजी भार बहन गरे। बर्दियाका सुदीप थारु कुलमा १४० केजीका साथ तेश्रो भए। उनले स्न्याचमा ६५ र क्लिनमा ७५ केजी भार बहन गरेका थिए।

कार्यक्रममा १० औं दक्षिण एसियाली खेलकुद (साग) का स्वर्ण पदक विजेता कमल बहादुर अधिकारी र १३ औं सागमा स्वर्ण पदक प्राप्त गर्न सफल बिकास थापा र सञ्जु चौधरीलाई, संस्कृतिविद् सत्यमोहन जोशी, मध्यपुर थिमी नगरपालिकाका मेयर मदनसुन्दर श्रेष्ठ, नेपाल भारोत्तोलन संघका अध्यक्ष रामकृष्ण श्रेष्ठ पूर्ण शंकर श्रेष्ठले नगदसहित सम्मान गरेका थिए। पूर्णशंक श्रेष्ठले व्यक्तिगत रुपमा नगद १० हजारसहित प्रशंसा पत्रबाट सम्मान गरिएको थियो।

महिला तर्फ युथ ४५ केजी तर्फ बर्दियाकी अरुणिमा थारुले स्वर्ण र सप्तरीकी अम्बिका यादबले रजत प्राप्त गरे।

थारुले स्नाचमा ३८ केजी, क्लिन एण्ड जर्कमा ५० केजी गरि कुल ८८ केजी भार बहन गरिन्। यस्तै यादबले स्नाचमा ३० र क्लिनमा ३५ केजी गरि कुल ६५ केजी भार बहन् गरिन्। ४९ केजी युथमा सप्तरीकी अञ्जली यादवले स्नाचमा ३५ केजी र क्लिनमा ४१ केजी गरि कुल ७६ केजीका साथ स्वर्ण प्राप्त गरिन्। यस्तै दाङ्गकी निशा चौधरीले स्नाचमा ३४ केजी, क्लिनमा ३८ केजीका साथ कुल ७२ केजीका साथ रजत र झापाकी सोनीदेवी दाशले स्नाचमा २८ केजी, क्लिनमा ४० केजी गरि कुलमा ६८ केजी भारका साथ कास्य पाईन्।

जुनियर तर्फ ४५ केजीमा एक मात्र खेलाडी सप्तरीकी ज्योती मण्डलले स्नाचमा ३५ केजी, क्लिनमा ४० केजी गरि कुलमा ७५ केजी भार बहन गर्दै स्वर्ण प्राप्त गरिन्। ४९ केजीमा बर्दियाकी पवित्रा थापा मगरले स्वर्ण जित्दा दाङ्गकी सन्जना चौधरीले रजत पाईन्। दुई खेलाडीविच भएको प्रतिस्पर्धामा थापा मगरले स्नाचमा ४५ केजी, क्लिनमा ५६ केजीका साथ कुल १०१ केजीका साथ स्वर्ण प्राप्त गरेकी हुन्। यस्तै चौधरीले स्नाचमा ३५, क्लिनमा ४७ केजी गरि कुलमा ८२ केजी भार बहन गरिन्।

महिला ४५ केजी सिनियर तर्फ नेपाली सेनाकी मनिषा रानाभाटले स्वर्ण जितिन्। उनले स्नाचमा ५२ केजी र क्लिनमा ६१ केजी गरि कुल ११३ केजी भार बहन गरिन्। दोश्रो स्थानमा रहेकी झापाकी करिना चौधरीले स्नाचमा ४८ केजी, क्लिनमा ६१ गरि कुलमा १०९ केजी भार बहन गरिन्। तेश्रो स्थानमा रहेकी नेपाल प्रहरीकी हिरामती थारुले स्नाचमा ४६ केजी र क्लिनमा ५५ केजीका सा १०१ केजी भार बहन गरिन्। महिला ४९ केजी तर्फ प्रहरीका संगिता राईले स्वर्ण र तिला राईले रजत पाईन्। संगिताले स्नाचमा ५५ केजी र क्लिनमा ७३ केजी गरि कुल १२८ केजी भार बहन गरेकी थिईन्। तिलाले स्नाचमा ४३ केजी, क्लिनमा ५२ केजी गरि कुल ९५ केजी भार बहन गरिन्।

# जोरपाटी डोजो टिम च्याम्पियन




**काठमाडौं/मस–** नेपाल गोजु काई कराँते संले आयोजना गरेको उमा खुला कराँते प्रतियोगितामा जोरपाटी डोजो टिम च्याम्पियन भएको छ।

चुच्चेपाटीस्थित स्मार्ट प्यालेसमा मंगलबार सम्पन्न प्रतियोगितामा जोरपाटीले ५ स्वर्ण, १ रजत र ३ कांस्य जितेर च्याम्पियन बनेको हो। ४ स्वर्ण, ३ रजत र ५ कांस्य जितेर मानसिंह डोजो उपविजेता भएको छ। ३ स्वर्ण जितेको शंखडोल डोजो तेस्रो भयो।

प्रतियोगिताको दोस्रो तथा अन्तिम दिन ११ स्वर्ण पदकको छिनोफानो भएको थियो। कातातर्फ पुरुषमा नेपाल हाइसी-हा एकेडेमीका कृष्ण ऐडीले स्वर्ण जित्दा महिलातर्फ जोरपाटी डोजोकी ईशा वाइबाले स्वर्ण जितिन्।

महिला ४० केजीमुनि तौलसमूहमा मानसिंह डोजोकी सविना तामाङले स्वर्ण जितिन्। उनले फाइनल गोठाटार डोजोकी रोनिशा खड्कालाई पराजित गरिन्।

महिला ४५ केजीमूनि तौलसमूहमा शंखडोलकी अनिता तामाङले तोयोकान एकेडेमीकी शिखा बजगाईंलाई हराएर स्वर्ण जितिन्। साउथ भ्यालीकी नवीना डिम्डुङले महिला ५० केजीमा स्वर्ण जितिन्। उनले फाइनलमा मित्रपार्क डोजोकी सुदीना पाख्रिनलाई पराजित गरेकी हुन्।

महिला ५५ केजीमा शंखडोलकी युनिका राईले नेपाल हायसी-हा एकेडेमीकी निरुता श्रेष्ठलाई हराएर स्वर्ण जितिन्। महिला ६० केजीमा मानसिंहकी प्रविना गुरुङले स्वर्ण जित्ने क्रममा नागार्जुन डोजोकी उर्शला पहारीलाई पराजित गरिन्। महिला खुलातर्फको स्वर्ण अस्मिता प्रजाले जितिन्। उनी जोरपाटी डोजोकी हुन्।

पुरुष ५५ केजीमुनि तौलसमूहमा जोरपाटी डोजोका विशाल केसीले स्वर्ण जिते। उनले फाइनलमा मानसिंहका सुदीन सुनारलाई पराजित गरेका हुन्। पुरुषको ६० केजीतर्फ जोरपाटीका सुजन राईले गोठाटारका राजीव त्रिपाठीलाई हराएर स्वर्ण जिते। पुरुष खुलातर्फ भने गोठाटारका रविन त्रिपाठीले मानसिंहका पारस तामाङलाई पराजित गरी स्वर्ण जिते। बाँकी स्पर्धाको फाइनल खेल सोमबार नै सम्पन्न भएको थियो।

# एकता युवा क्लब सेमिफाइनलमा

**सुनसरी/मस**-एकता युवा क्लब प्रथम सोनापुर गोल्डकपको सेमिफाइनलमा प्रवेश गरेको छ। सुनसरीको दुहबी ८ सोनापुरमा जारी प्रतियोगिता अन्तर्गत आज मंगलबार भएको दोस्रो क्वाटरफाइनल खेलमा एकता युवा क्लबले बिराट स्पोर्टस एकेडेमी बिराटनगर माथी २-१ गोल अन्तरको जित निकाल्दै सेमिफाइनलमा स्थान सुरक्षित गरेको हो।

एकता क्लबको जितमा सञ्जय धिमाल र रोमन भुजेलले एक-एक गोल गरे। धिमालले पहिलो हाफको ८ औ मिनेटमा र भुजेलले ३५ औं मिनेटमा गोल गरेका हुन। बिराट स्पोर्टस एकेडेमीको तर्फबाट नबिन चौधरीले दोस्रो हाफको ३७ औं मिनेटमा १ गोल फर्काए। आजको खेलको म्यान अफ द म्याच एकता युवा क्लबका सञ्जय धिमाल घोषित हुदै नगद २ हजार रुपैया पाए। बुधबार क्वाटरफाइनल खेल पुर्वाञ्चल युनाइटेड फुटबल क्लब सुन्दरहरैचा र दुहबी स्पोर्टस एकेडेमी बिच हुने आयोजकले जनाएको छ। माघ ३ गतेसम्म चल्ने प्रतियोगितामा सुनसरी र मोरंगका ८ टिमको सहभागिता रहेको छ। प्रतियोगिता बिजेताले नगद १ लाख र उपबिजेताले ५१ हजार रुपैया पुरस्कार पाउने आयोजक मेमोरी युवा क्लबका सचिव पञ्चनारायण चौधरीले जानकारी दिए।

फाइनलमा उनले साउथ भ्यालीकी कोपिला लिम्बुलाई पराजित गरिन्।


**पथरी शनिश्चरे नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
पथरी, मोरङ
१ नं.प्रदेश, नेपाल

**(Invitation for Online Bids) बोलपत्र/दरभाउपत्र आव्हानको सूचना**

**प्रथम प्रकाशित मिति २०७८/०९/२८**

चालु आ.व. २०७८/०७९ मा यस नगरपालिकाको नगरसभावाट पारित बार्षिक कार्यक्रम अनुसार निम्न बमोजिमको योजनाहरु यस सूचनामा उल्लेखित अंक बमोजिम बोलपत्र/दरभाउपत्र ठेक्का प्रक्रियाद्धारा सञ्चालन गर्नु पर्ने भएकोले इच्छुक निर्माण व्यवसायी /कम्पनीहरुबाट **http//www.bolpatra.gov.np/egp** मा उल्लेखित शर्तहरुको अधिनमा रही सूचना प्रकाशित भएको मितिले तोकिएको म्याद भित्र बोलपत्र/दरभाउपत्र फारम अनलाईन मार्फत देहायको मिति र समय भित्र यस कार्यालयमा पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

| वोलपत्र/ठेक्का नं | कामको विवरण | अनुमान लागत (भ्याट र कन्टिन्जेन्सी बाहेक) | वोलपत्र/दरभाउपत्र फारम दसतुर | जमानत रकम | बोलपत्र/दरभाउपत्र दाखिला गर्ने अन्तिम मिति |
|---|---|---|---|---|---|
| EGP/NCB/ 13/2078/079 | प्रहरी चौकी भवन निर्माण कुशलबजार | १२३९१०९।६६ | १०००। | ३५०००। | २०७८।१०।१३ गते दिनको १२ बजे सम्म |
| EGP/NCB/ 14/2078/079 | सडक बत्ती जडान तथा बिस्तार | १२४६७५४।३६ | १०००। | ३५०००। | २०७८।१०।१३ गते दिनको १२ बजे सम्म |
| EGP/NCB/ 15/2078/079 | मंगलबारे अमरदह बजार बाटो कालोपत्रे | १९४०३८०।४४ | ३०००। | ६३०००। | २०७८।१०।२८ गते दिनको १२ बजे सम्म |

१. बोलपत्र/दरभाउपत्र पेश गर्ने र खोल्ने दिन सार्वजनिक विदा परेमा त्यसको भोलिपल्ट पेश गर्ने तथा खोल्ने मिति कायम हुने छ। निर्माण सम्बन्धि थप जानकारीका लागि पथरी शनिश्चरे नगरपालिकामा सम्पर्क राख्न सकिने छ।
२. बोलपत्र/दरभाउपत्र स्वीकृत/अस्वीकृत गर्ने सम्पूर्ण अधिकार नगरपालिकामा निहित रहने छ।
माथि उल्लेखित ठेक्का विद्युतीय खरिद प्रणाली सञ्चालन निर्देशिका २०७४ अनुसार **http//www.bolpatra.gov.np/egp बाट डाउनलोड गरी बीड गर्न सकिने छ।**

**प्रमुख प्रशासकीय अधिकृत**



**Government of Nepal**
**Ministry of Energy, Water Resources and Irrigation**
**Department of Water Resources and Irrigation**
**Babai Irrigation Project**
**Baidi, Bardiya**

**Notice of Intention to Award Contract**

**Date of Publication: 12 January, 2022 (28 POUSH, 2078)**

This is to notify all the bidders who submitted their bids as per the notice for invitation of online bids published on 2078/06/14 in Himalaya Times National Daily that **Babai Irrigation Project** expresses its intention to award the contract to the lowest evaluated substantially responsive bid submitted by the bidder listed in the table below pursuant to Public Procurement Act 2063, clause 27 sub clause 2 and clause 47.

| S.N. | Contract ID | Description of works | Bid Amount NRs. (Excluding VAT& PS) | Lowest Evaluated Substantially Responsive Bidder |
|---|---|---|---|---|
| 1 | BIP/NCB/ P109/078/ 79 | Construction of RCC Canal Lining And Associated Structures of Basanta, Beluwa, Mahuwa & Dhodary Branches of Western Main Canal of Babai Irrigation Project, Madhuban Na.Pa.-4, Bardiya | 4,47,87,645.29 | M/S Kasthamandap - Jaya ma -Sushan J/V, Lalitpur |

**Project Director**



**जाल बुन्दै**

शुक्लाफाँटा नगरपालिका वडा नं २ लक्ष्मीपुरका किसान माछा मार्ने जाल बुन्दै । तस्वीर : राजेन्द्रप्रसाद पनेरु/रासस

## के चालु आवको बाँकी अवधिमा शतप्रतिशत पुँजीगत खर्च सम्भव छ ?

**नारायण अर्याल/मध्यान्ह**
काठमाडौं, २७ पुस

पुस २६ गते मंगलबारसम्म विनियोजित बजेट मध्ये पुँजीगत खर्च जम्मा ९ दशमलव ३९ प्रतिशत भएको छ। चालु आवको ६ महिना समयावधिमा भएको पुँजीगत खर्चको अवस्थालाई हेर्दा बाँकी अवधिमा उक्त शिर्षकमा गरिएको विनियोजित रकम खर्च हुने कुरामा सामान्यतया असम्भव जस्तै देखिन्छ । तर अर्थमन्त्री जनार्दन शर्माले भने चालु आर्थिक वर्षको बाँकी समयमा शतप्रतिशत पुँजीगत खर्च गर्न मन्त्रालयहरुसंग आग्रह गरेका छन् ।



मन्त्री शर्माले पुस २७ गते मंगलबार सिंहदरबारमा आयोजित समिक्षा कार्यक्रममा मन्त्रालयका सचिवहरुसंग आर्थिक वर्ष सकिन बाँकी रहेको ६ महिनामा खर्च गरिसक्न आग्रह गरेका हुन् । समिक्षा बैठकमा सचिवहरूसँग मन्त्री शर्माले भने, ' आवश्यक परे मध्यरातमा पनि सहयोग गर्न तयार छु। आर्थिक वर्षको ६ महिना बितिसक्यो । बाँकी ६ महिनामा शतप्रतिशत बजेट खर्च गर्नुपर्छ ।'

ठूला योजनामा स्थानीय तह र स्थानीयवासीलाई समेत सहभागी गराएर अगाडि बढाउनुपर्नेमा अर्थमन्त्री शर्माको धारणा रहेको छ । ठूला योजनामा अपनत्वका लागि स्थानीयवासीलाई सहभागी गराएर मात्र छिटो काम गर्न सकिने धारणा मन्त्री शर्माले राखेका थिए । विद्यमान प्रणालीमा सुधार गर्नुपर्ने आवश्यकता औंल्याउँदै उनले फाइल हरेक मन्त्रालयमा बोकेर हिँड्दा ढिला हुने भन्दै डिजिटल माध्यममा लैजानुपर्ने समेत बताए । सो सम्बन्धमा मन्त्री शर्माले भने, 'फाइल बोकेर विभाग, मन्त्रालय धाउँदा दुई/चार दिन जान्छ । यहाँ पनि समय गइरहेको छ', उनले भने, 'यसलाई डिजिटल माध्यममा लैजानुपर्यो। डिजिटलमै अनुरोध गर्ने र स्वीकृति गर्ने हुनुपर्‍यो । टिप्पणी उठाएर राख्ने काम आफ्नो ठाउँमा गर्नुपर्छ ।'

अर्थमन्त्रालय सम्हालेपछि मन्त्री शर्माले पुँजीगत खर्च वृद्धिको लागि ताकेता गर्दै आएका छन् । तर पुँजीगत खर्च शतप्रतिशत गर्ने भन्ने कुरा भने नेपालको इतिहासमा हालसम्म नभएको कुरा हो । पछिल्ला पाँच आर्थिक वर्षको वार्षिक औसत हेर्ने हो भने पुँजीगत खर्चको प्रगति ६६ प्रतिशत हाराहारी मात्रै रहेको छ । वार्षिक रूपमा विनियोजित पूँजीगत खर्चमध्ये आर्थिक वर्ष २०७२/७३ मा ५९ प्रतिशत र आर्थिक वर्ष २०७३/७४ मा ६७ प्रतिशत खर्च भएको तथ्याङ्क छ । यसैगरी, आर्थिक वर्ष २०७४/७५ मा ८० प्रतिशत र आर्थिक वर्ष २०७५/७६ मा ७७ प्रतिशत पुँजीगत खर्च भएको देखिन्छ । आर्थिक वर्ष २०७६/७७ मा पुँजीगत खर्चको यो मात्रा अझै खस्किएर ४६ प्रतिशतमा सीमित हुनपुगेको थियो । गत आर्थिक वर्षमा वार्षिक विनियोजित रकमको ६४ दशमलव ६९ प्रतिशत रकम खर्च गर्न सफल भएको थियो । पुस २६ गते सोमबारसम्मको तथ्याङ्कअनुसार पुँजीगत खर्च ९.३९, चालु खर्च ३८.९ र वित्तीय खर्च २५.४१ प्रतिशत खर्च भएको छ। औसतमा हालसम्म २९.११ प्रतिशत बजेट खर्च भएको छ ।

## नेपालमा डलर खाता खोल्न अर्थमन्त्री शर्माको एनआरएनहरूलाई आग्रह

**काठमाडौं/रासस** - अर्थमन्त्री जनार्दन शर्माले संसारभरि बसोबास गर्ने प्रवासी नेपालीलाई नेपालमा डलर खाता खोलेर नेपालको समृद्धिमा योगदान गर्न र आफैं लाभान्वित हुन आग्रह गरेका छन् । गैरआवासीय नेपाली संघ (एनआरएनए) युके, अमेरिका, अष्ट्रेलियालगायत एनसिसीहरूद्वारा सोमबार आयोजित एक वेबिनारलाई सम्बोधन गर्दै अर्थमन्त्री शर्माले एनआरएनले विदेशी मुद्रामा नेपालमा खाता खोल्दा राष्ट्रमा लगानी र रोजगारी बढ्ने बताए ।

अर्थमन्त्री शर्माले सरकारले वैदेशिक लगानीको वातावरण सहज बनाइरहेको बताए । नेपाललाई अल्पविकसित मुलुकबाट स्तरोन्नति गर्न वर्षेनी अर्बौं डलर लगानी आवश्यक पर्ने र त्यसका लागि लगानीकर्तालाई सेवा सुविधा दिनुपर्ने अवश्यकता रहेको उल्लेख गरे । नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीले छोटो समयमै यो नियम ल्याइएको बताए । उनले यसअघि रहेको १० हजार डलरलाई घटाएर पाँच हजार डलर पुर्‍याएको, दुई वर्षलाई घटाएर एक वर्ष गरेको, केही बैंकहरूले विदेशी मुद्रामा खाता खोल्न सुरु गरिसकेको र यो प्रावधान विदेशमा हुर्किरहेकाले दोस्रो पुस्तलाई नेपालसँग जोड्ने माध्यम बन्ने आशा पनि व्यक्त गरे ।

गैरआवासीय नेपाली संघका अध्यक्ष कुमार पन्तले नेपाल सरकारले ल्याएको नयाँ सुविधाका लागि सरकारलाई धन्यवाद दिँदै यसले संसारभरका नेपालीलाई नेपालमा खाता खोलेर आफूसँग रहेको बचत नेपाल भित्र्याउन सहज हुने विश्वास व्यक्त गरे । उनले संघले स्थापनाकालदेखि नै नेपालको समृद्धि र विकासका लागि साझेदारको रूपमा काम गर्दै आएको स्मरण गरे । एनआरएनए युके आयोजक रहेको उक्त कार्यक्रममा एनआरएनए एनसिसी अमेरिका, अष्ट्रिया, अष्ट्रेलिया, कतार, क्यानडा, स्पेन, दक्षिण अफ्रिका र दक्षिण कोरिया सहआयोजक थिए ।

## शाओमीको आधिकारिक स्टोर बनेपा र बालाजुमा

**काठमाडौं/मस** - ग्लोबल टेक्नोलोजी लिडर शाओमीले बनेपा र बालाजुमा आफ्नो आधिकारिक स्टोर खोलेको छ । पुस २१ गते बुधबार बनेपा-६ को गोदाम चोकमा आफ्नो नयाँ स्टोर खोलेको शाओमीले त्यसको केही दिनपछि पुस २६ गते बालाजु, नयाँ बसपार्कको बिजी मलमा पनि आफ्नो नयाँ स्टोर खोलेको हो ।



शाओमीले आफ्नो स्टोरहरुको संख्या दोब्बर बनाउने उद्देश्य पूरा गर्न नेपालभरि नयाँ र आधुनिक स्टोरहरु खोल्ने योजना ल्याएको छ। शाओमी नेपालका कन्ट्री जेनेरल म्यानेजर सौरभ कोठारी नयाँ स्टोरहरु खुलेपछि ग्राहकहरुलाई किनमेल गर्न थप सजिलो हुने बताए । कोठारीका अनुसार नयाँ स्टोरसंगै सिमलेस अफलाइन नेटवर्क विस्तार गर्ने उद्देश्य पनि पूरा हुनेछ ।

शाओमीको नयाँ मोडलले नेपालमा नयाँ र आधुनिक स्टोरहरु खोल्दै ग्राहकहरुलाई उच्चतम सुविधा प्रदान गर्ने शाओमीको उत्साह झल्काउने कम्पनीको अपेक्षा रहेको छ । नयाँ स्टोरमा सप्लाई चेन म्यानेजमेन्ट, उत्पादनको उपलब्धता र डेलिभरी मेजरहरु जस्ता सम्पूर्ण रिटेलको कामहरु मुख्य ब्रान्डको मातहतमा इन्टिग्रेट हुने शाओमीले जनाएको छ ।

## सहकारी बैंकद्वारा ४० लाख ग्राहकलाई सेवा प्रदान

National राष्ट्रिय सहकारी बैंक लिमिटेड CO-OPERATIVE BANK LTD.

**काठमाडौं/रासस**- राष्ट्रिय सहकारी बैंकले लिमिटेडले नेपालभर १४ हजारभन्दा बढी सहकारी सङ्घसंस्थामार्फत ४० लाख जनतालाई प्रत्यक्षरूपमा सेवा पुर्‍याउँदै आएको जनाएको छ । सरकारी बैंक लिमिटेडका प्रदेश नं १ को १८ औं वार्षिक साधारणसभाको पूर्वसन्ध्यामा प्रमुख कार्यकारी अधिकृत बद्रीकुमार गुरागाईंले आयोजित पत्रकार सम्मेलनमा उक्त जानकारी दिएका हुन्। उनले बैंकले आव २०७७/७८ मा रु ६६ अर्ब ३४ करोड निक्षेप सङ्कलन गरी रु ३५ अर्ब ९१ करोड कर्जा प्रवाह गर्दै कूल रु ७१ अर्ब ६८ करोड कारोबार गरेको बताए।

बैंकले स्थानीय निकायमा रहेको सहकारीमार्फत ग्रामीण क्षेत्रका जनतालाई आयआर्जन तथा स्वरोजगार निर्माण गर्न मुख्य उद्देश्यले पूँजी वृद्धि तथा तरलता कायम गर्न कार्य गरिरहेको प्रष्ट पारे । सञ्चालक समितिका सदस्य सरिता भट्टराईले स्थानीय निकायको सहयोगमा बैंकले सहकारीमार्फत विपन्न जनताको ' गरिबी न्यूनीकरण' कार्यक्रमअन्तर्गत स्वदेशी र स्थानीय कच्चा पदार्थको प्रयोगले स्थानीय उत्पादनलाई खरिद गरी स्थानीय अर्थतन्त्र विकासमा सहयोग पुर्‍याउने उद्देश्यले कार्य अगाडि बढाइरहेको जानकारी दिए । बैंकका सूचना सदस्य डिल्ली पोखरेलले स्वास्थ्य मापदण्ड अपनाएर साधारणसभा गर्ने बताए । सभामा प्रदेशका दुई हजार २ सय ५७ सहकारी संस्थाको सहभागिता हुनेछ ।

## सिटिजन्स बैंकद्वारा थप प्रिभिलेज काउन्टर विस्तार



**काठमाडौं/मस** - सिटिजन्स बैंकले आफ्ना ग्राहकहरूलाई छिटो छरितो, झन्झटमुक्त र विशिष्टीकृत सेवा प्रदान गर्ने उद्देश्यले गण्डकी प्रदेशको सिमलचौर (पोखरा) शाखामा प्रिभिलेज काउन्टर विस्तार गरेको छ ।

यसअघि बैंकले प्रधान कार्यालय नारायणहिटी पथ, काठमाण्डौं तथा कमलादी काठमाण्डौं,लुम्बिनी प्रदेशको कालिकानगर शाखामा, प्रदेश नं .१ को विराटनगर र बिर्तामोड शाखामा र प्रदेश नं. २ को राजविराज शाखामा रहेको प्रिभिलेज काउन्टरबाट आफ्ना ग्राहकहरूलाई बैंकिङ सेवा प्रदान गर्दै आईरहेको थियो । साथै आगामी दिनमा अन्य प्रदेशहरुमा समेत यस्ता थप विशेष बैंकिङ सेवाहरु प्रदान गर्ने योजना बैंकले लिएको जनाएको छ ।

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले देशैभरी १ सय ७४ वटा शाखा, १ सय २३ वटा एटिएम र ९० वटा शाखा रहित बैंकिङ ईकाईहरुबाट बैंकिङ सेवा प्रदान गर्दै आएको छ ।

## हिमालयन बैंक लिमिटेडको शाखा चम्मनचोकमा

**नेपालगन्ज/मस** - हिमालयन बैंक लिमिटेडले आफ्नो शाखा सञ्जाल विस्तार गर्ने क्रममा सुदुरपश्चिम प्रदेशको कञ्चनपुरस्थित भीमदत्त नगरपालिका-६, चम्मनचोकमा सोमबार देखि महेन्द्रनगर शाखा सञ्चालनमा ल्याएको छ । बैंकले उक्त शाखाबाट सम्पुर्ण ग्राहकहरुलाई अत्याधुनिक बैंकिङ सुविधाहरु उपलब्ध गराउने जनाएको छ ।

महेन्द्रनगरका प्रतिष्ठित उद्योगी, व्यवसायी तथा प्रतिष्ठित व्यक्तिहरुको उपस्थितिमा बैंकले यस शाखाबाट कारोबार सुरु गरेको छ। बैंकको यो शाखा कञ्चनपुर जिल्लाको पहिलो तथा सूदुर पश्चिम प्रदेशको आठौं शाखा हो । महेन्द्रनगर शाखाले सम्पूर्ण आधुनिक बैंकिङ्ग सेवाहरु सहित लकर सेवा समेत सञ्चालनमा ल्याएको शाखा प्रबन्धक बैजनाथ प्रसाद कोइरीले बताए । हालसम्म ७४ शाखा, विस्तारित काउन्टर संख्या ५, एटिएम संख्या १ सय ४८ र ५ हजार भन्दा बढी पिओएस टर्मिनल्ससंख्या पुगेको बैंकले जनाएको छ ।

## नेप्सेमा उच्च अंकको वृद्धि



**काठमाडौं/रासस**- धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक आज पनि उच्च अंकले उकालो लागेको छ । नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्सेमा ४९ दशमलव १९ अंकले वृद्धि भई दुई हजार ८ सय ३४ दशमलव १३ मा पुगेको छ। यस्तै, ठूला कम्पनीको सेयर कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक ६ दशमलव ३४ अंकले बढेर ५ सय २८ दशमलव ८७ मा पुगेको छ । कारोबार भएकामध्ये आज १ सय ७० कम्पनीको सेयर उकालो लागेको छ भने १९ कम्पनीको सेयर ओरालो लाग्दा एक कम्पनीको सेयर मूल्यमा भने कुनै उतारचढाव आएन ।

कूल एक करोड १९ लाख ७० हजार २ सय १५ कित्ता शेयर ६ अर्ब ७२ करोड ४५ लाख २६ हजार १ सय ९७ मूल्यमा खरिद बिक्री भए। मंगलबारको कारोबारपछि बजार पूँजीकरण ४० खर्ब तीन अर्ब ७६ करोड ५८ लाख ४२ हजार २७ बराबर पुगेको छ ।

के तपाईंको कम्प्युटर, प्रिन्टर, फोटोकपी आदी बिग्रीएकोछ ?
यदी छ भने हामीलाई सम्झनुहोस् ।
हाम्रा सेवा तथा सुविधाहरु
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदी खरीद, बिक्रि तथा मर्मत,
- टोनर कार्टेज रिफिल,
- CCTV, EPABX बिक्रि तथा मर्मत,
- अफिसका लागि चाहिने फर्निचरसहित सम्पूर्ण सामानहरु,
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदीको वार्षिक सर्भिस ।
नुम्स कम्प्युटर्स प्रा.लि.
मो.: ९८४१५६५७२४, ९८०८४७५००२, ९८४१५६५७९५

सम्वृद्ध नेपाल निर्माणको लागि सडक पूर्वाधार निर्माण गर्ने सबैको छ अभियान ।।
सुरक्षित, भरपर्दो र दिगो सडकको लागि मर्मतसम्भार गर्ने प्रणालीमा पुर्‍याउ है ध्यान।।
(रोजगारी प्रदान, सडकलाई सुरक्षित र सर्वयाम चल्न योग्य बनाउन सडक मर्मतसम्भार समूह गठन गरी स्थानीय सडकको मर्मतसम्भार गराउने परिपाटिको बिकास गरौं)



रोजगारी, जिविकोपार्जन तथा सडक मर्मतसम्भारको लागि विभागले प्रयोगमा ल्याएको अत्यन्तै सफल विधि सडक मर्मतसम्भार समूहको परिचालन ।

नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
स्थानीय पूर्वाधार विभाग
श्रीमहल, पुल्चोक, ललितपुर

प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: बागबजार, काठमाडौं, फोन: ४२२६३६६, ४२२८२९८ ई-मेल: madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन) मुद्रक: रोशन अफसेट प्रेस, भक्तपुर, सम्पादक: **मदनकुमार श्रेष्ठ**